ADVOCACY FORUM

HUMAN RIGHTS WATCH

# Gofok|t pbf;Lgtf

## नेपालमा भएका अपराधहरुमा दण्डहीनता

Copyright © 2010 Human Rights Watch
All rights reserved.
Printed in the United States of America
ISBN: 1-56432-727-2
Cover design by Rafael Jimenez

Human Rights Watch
350 Fifth Avenue, 34th floor
New York, NY 10118-3299 USA
Tel: +1 212 290 4700, Fax: +1 212 736 1300
hrwnyc@hrw.org

Poststraße 4-5
10178 Berlin, Germany
Tel: +49 30 2593 06-10, Fax: +49 30 2593 0629
berlin@hrw.org

Avenue des Gaulois, 7
1040 Brussels, Belgium
Tel: + 32 (2) 732 2009, Fax: + 32 (2) 732 0471
hrwbe@hrw.org

64-66 Rue de Lausanne
1202 Geneva, Switzerland
Tel: +41 22 738 0481, Fax: +41 22 738 1791
hrwgva@hrw.org

2-12 Pentonville Road, 2nd Floor
London N1 9HF, UK
Tel: +44 20 7713 1995, Fax: +44 20 7713 1800
hrwuk@hrw.org

27 Rue de Lisbonne
75008 Paris, France
Tel: +33 (1)43 59 55 35, Fax: +33 (1) 43 59 55 22
paris@hrw.org

1630 Connecticut Avenue, N.W., Suite 500
Washington, DC 20009 USA
Tel: +1 202 612 4321, Fax: +1 202 612 4333
hrwdc@hrw.org

Web Site Address: http://www.hrw.org

डिसेम्बर २०१०

१-५६४३२-७२७-२

# Gofok|t pbf;Lgtf

## नेपालमा भएका अपराधहरुमा दण्डहीनता

**नेपालको नक्सा**

**१. सारांश** १

अध्ययन पद्धति ४

**२. विगतका मानवअधिकार उल्लंघनका घटनामा दण्डहीनता** ५

सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग १०

अन्तर्राष्ट्रिय समुदाय अनि राष्ट्रिय मानवअधिकार आयोगको भूमिका ११

**३. हालै भएका मानवअधिकार उल्लंघनका घटनामा दण्डहीनता** १३

अमृता सुनार, देवीसरा सुनार, चन्द्रकला सुनार १५

धर्मेन्द्र बरई १६

रामहरि श्रेष्ठ १९

**४. सिफारिस** २१

नेपाल सरकारलाई २१

नेपाल प्रहरी निकायहरु र महान्यायाधिवक्ताको कार्यालयलाई २२

न्यायपालिकालाई २२

राष्ट्रिय मानवअधिकार आयोगलाई २२

अन्तर्राष्ट्रिय समुदायहरु विशेषगरी अस्ट्रेलिया, चीन, युरोपेली महासंघ, भारत, जापान, बेलायत र अमेरिकालाई २३


संयुक्त राष्ट्रसंघलाई २३

**४. आभार** २५

**५. अनुसूची** २७

*न्यायको पर्खाइमा* प्रतिवेदनमा उल्लेखित गम्भीर मानवअधिकार
उल्लंघनका ६२ मुद्दाका अद्यावधिक जानकारी

## नेपालको नक्सा




District Map of Nepal

© 2008 John Emerson

# १

# सारांश

*"अपराध अनुसन्धानसँग प्रत्यक्ष सरोकार राख्ने निकायहरु नै त्यसतर्फ उदासीन रहनुले आम नागरिकमा त्यसको गलत सूचना प्रवाह हुनजाने र शीघ्र न्याय प्राप्तिको चाहनामा कुठाराघात हुन जाने अवस्थाको सिर्जना हुन्छ। त्यसो त अपराध अनुसन्धानमा विलम्बताको फाइदा अभियुक्तले ग्रहण गरी अपराधसँग सम्बन्धित सबुद प्रमाणको लुप्तताको सहज मार्ग खोज्ने हुँदा त्यसले समग्र फौजदारी न्याय प्रणालीलाई नै असफल बनाइदिन्छ।"*

सुभद्रा चौलागाईंको मुद्दामा प्रधानन्यायाधीश अनुपराज शर्मा तथा न्यायाधीश राम कुमार प्रसाद शाहको परमादेश फैसलामा व्यक्त विचार, २०६६ मंसिर २९ गते

नेपालमा मानवअधिकार उल्लङ्घनका घटनामा दण्डहीनता यथावत छ। एक दशकभन्दा बढी चलेको अनि २०६३मा अन्त्य भएको सशस्त्र द्वन्द्वमा संलग्न दुवै पक्ष, माओवादी र सुरक्षाफौज, गैरन्यायिक हत्या, जबर्जस्ती बेपत्ता, यातनालगायतका अन्य अपराधमा भागीदार रहे। नागरिक अदालतमा यस्ता अपराधका लागि हालसम्म कसैलाई पनि जवाफदेही ठहऱ्याइएको छैन। द्वन्द्वको अवसानपछि पनि गैरन्यायिक हत्या र यातनालगायतका गम्भीर उल्लंघनमा संलग्न भनिएका सुरक्षाफौज, सशस्त्र समूह र एनेकपा माओवादीलाई पनि जवाफदेही ठहऱ्याइएको छैन।

दण्डहीनताको प्रमुख कारक भनेको प्रहरीले जाहेरी नलिनु र कुनै मुद्दामा लिए पनि प्रभावकारी रुपले अनुसन्धान नगर्नु हो। प्रहरीहरुले प्रायः जसो पीडितको जाहेरी दर्ता गर्न अस्वीकार गरिरहेको वा दर्ता गरेपनि अनुसन्धान नगरिरहेको अवस्था छ। सर्वोच्च तथा पुनरावेदन अदालतका आदेशका बाबजुद प्रहरी तथा सरकारी वकिलहरु अपराध अनुसन्धान गर्ने कानुनी दायित्व पूरा गर्नमा आलटाल गरिरहेका छन्। सेना तथा माओवादीको दबदबाले गर्दा तथा नेपाली सेना, सरकारी अधिकारी अनि माओवादीले अनुसन्धानमा सहयोग गर्दैनन् भन्ने थाह पाएरै प्रहरीहरुले आफ्नो कर्तव्य पालनबाट विमुख बनेको देखिन्छ।

कुनै मुद्दामा राजनीतिक दबाब वा सार्वजनिक दबाबलाई मत्थर पार्न अधिकारीहरुले अनुसन्धान समिति गठन गर्ने गरेका छन् । यस्ता अनुसन्धानका नतिजा सधैँभरि असङ्गत नै हुन्छन् र कुनै सार्थक सिफारिस गरिएका छन् भने पनि अधिकारीहरुले कार्यान्वयन गर्दैनन् ।

कानूनी शासन तथा फौजदारी न्याय व्यवस्थालाई सुदृढ गर्न र दण्डहीनताको अन्त्य गर्न संयुक्त राष्ट्रसंघ (संरासं), दातृनिकाय तथा प्रभावशाली राष्ट्रको सहयोगमा राजनीतिक नेतृत्वले सुव्यवस्थित तथा दीगो योजना बनाउनु आजको टड्कारो आवश्यकता हो । शान्ति प्रक्रिया विथोलिने प्रबल सम्भावनाका बीचमा अपराधमा संलग्न दुवै पक्षका अधिकारी तथा सैनिकमाथि कारबाही गर्ने र तिनलाई पदमुक्त गर्ने कदमको ठूलो महत्व रहन्छ ।

यो प्रतिवेदन हामीले २०६४ तथा २०६६ मा प्रकाशित गरेका प्रतिवेदन *न्यायको पर्खाइमाकै* अद्यावधिक संस्करण हो । नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी तथा माओवादीबाट भएका मानवअधिकारका गम्भीर उल्लंघनका घटना समेटिएका ती प्रतिवेदनमा उल्लेखित ६२ वटा मुद्दामा भएका प्रगतिको उल्लेख यसमा गरिएको छ । यसबाहेक पनि हालै दर्ता गरिएका ३० वटा भन्दा बढी मुद्दाका बारेमा यहाँ सूचना दिइएको छ । यसमध्ये ६ वटा त द्वन्द्व अन्त्य भएपछिका घटना हुन् । न्यायमा आउने गरेका विगतका बाधा नै हाल पनि बाधाका रुपमा दोहोरिरहेका छन् । द्वन्द्वकालीन घटनामा भएका दण्डहीनता र द्वन्द्वपछिका घटनामा भएका दण्डहीनताको चर्चा गर्न अध्याय छुट्ट्याइएका छन् ।

बहुसंख्यक मुद्दाको हकमा राज्यले सार्थक अनुसन्धान तथा अभियोजन नगरिरहेको अवस्था छ । ( विस्तृत जानकारीका लागि अनुसूची हेर्नुहोस् ।) ६२ मध्ये १३ वटा मुद्दामा पीडितको परिवारका अनेकौं प्रयास र कतिपय अवस्थामा अदालतका आदेशका बाबजुद प्रहरीले हालसम्म पनि जाहेरी दर्ता सम्म पनि गर्न नमानेको अवस्था छ । (मुद्दा नं ४, २२ देखि २७, ३५ देखि ३८, ४० देखि ४२, ४६, ४८ देखि ५३, ५९ हेर्नुहोस् अनुसूची) । यी मुद्दामा भएका सामान्य प्रगति पनि असङ्गत तथा असन्तोषदायक छन् र यी पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समूहका लगातार दबाबका परिणाम हुन् । हालसम्म अपराधको लागि कसैलाई पनि जवाफदेही ठहऱ्याइएको छैन र अधिकांश मुद्दामा प्रहरीले अभियुक्तको बयानसमेत लिँदैनन् । उनीहरु सेना तथा प्रहरीलाई पत्र पठाउने काम मात्र गर्छन् । धेरै मुद्दामा सर्वोच्च तथा विभिन्न पुनरावेदन अदालतले सम्बन्धित अधिकारीहरुलाई अनुसन्धान अगाडि बढाउन आदेश दिएपनि यस्ता आदेशहरु प्रायः बेवास्ता गरिन्छन् ।

त्यसैगरी बेपत्ता बनाउने तथा यातना दिनेजस्ता गम्भीर प्रकृतिका अपराधको अनुसन्धान गर्ने तथा दोषीलाई कारबाही गर्ने राज्यको दायित्व पूरा गर्नका लागि संरासं मानवअधिकार समितिको अक्टोबर

२००८ को सिफारिसलाई समेत सरकारले बेवास्ता गरेको छ । यस्ता मुद्दाहरु भविष्यमा गठन हुने बेपत्ता आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोगले अनुसन्धान गर्नेछन् भनी सरकारले सदैव तर्क गर्दछ,। २०६३ को विस्तृत शान्ति सम्झौताले यी संक्रमणकालीन न्यायका संयन्त्रहरु गठन गर्ने प्रतिबद्धता देखाएको थियो । ४ वर्ष बितिसक्दा पनि संविधानसभामा मस्यौदा विधेयक पेश हुनेबाहेक यी निकाय गठन हुने काम अनिश्चितताको गर्भमै रहेको छ ।

नेपालमा सशस्त्र द्वन्द्वका क्रममा भएका अपराधमा न्यायका लागि अन्तर्राष्ट्रिय दबाब आएका छन् तर ती सीमित मात्रै छन् । अस्ट्रेलिया र संयुक्त राज्य अमेरिकाजस्ता देशले अपराधमा संलग्न भनिएका एक माओवादी नेतालाई प्रवेशाज्ञा दिन इन्कार गरे । मैना सुनुवारको हत्यामा संलग्न भनिएका मेजर निरञ्जन बस्नेतलाई संरासं शान्तिसेना मिसनबाट संरासंको अनुरोधमा चाड गणतन्त्रबाट फिर्ता बोलाइयो । प्रहरीले मैनाको हत्यामा बस्नेतलाई अभियुक्त ठहऱ्याएपनि उनलाई मिसनबाट फर्किदाँ पक्राउ गर्न सकेन । अझ, सेनाको कथित छानबिनमा उसलाई निर्दोष ठहर गरियो जबकि नागरिक अदालतमा उनीविरुद्ध मुद्दा चलिरहेछ । गम्भीर प्रकृतिका अपराध गरेका भनी यथेष्ट प्रमाण पाइएका अन्य व्यक्ति पनि सेनामा कार्यरत रहेका छन् र अझ तिनीहरुको पदोन्नति समेत भएको अवस्था छ ।

जाहेरी दर्खास्त दिन आएका पीडित परिवारले भोग्नुपरेको समस्याको क्रम जारी नै छ । यो प्रतिवेदन तथा पहिलेका प्रतिवेदनमा समेत उल्लेख गरिएका ६२ मुद्दाका ४९ वटा जाहेरीका अलावा एड्भोकेसी फोरमले *न्यायको पर्खाइमा* प्रकाशित भएको मितिदेखि दर्जनौं अन्य परिवारलाई जाहेरी दर्ता गर्न सहयोग गरेको छ । एड्भोकेसी फोरमको अभिलेखमा आधारित रही भन्नुपर्दा द्वन्द्वकालीन र हालैका ५२ वटा मुद्दासँग सम्बन्धित ४२ वटा जाहेरी प्रहरी प्रशासनसमक्ष पेश गरेकोमा, यो प्रतिवेदन तयार पार्दाको मितिसम्म जम्मा १० वटा जाहेरी दर्ता गरिएका छन् । २०६६ मंसिर २५ गते मानवअधिकार दिवसका दिन पीडित परिवार तथा कानुनव्यवसायीहरुले १२ जिल्लामा २८ वटा जाहेरी लिएर गए । प्रहरीले माथिको आदेश नआएसम्म कुनै पनि जाहेरी दर्ता गर्न नमिल्ने भन्दै दर्ता गर्न मानेन ।

विगत र वर्तमानमा भएका अपराधमा दण्डहीनतालाई सम्बोधन गर्नबाट राज्य लगातार चुकेकाले विस्तृत कार्ययोजनाको टड्कारो आवश्यकता रहेको छ । विगतका अपराधलाई सम्बोधन गर्नका लागि संक्रमणकालीन न्यायको प्रभावकारी संयन्त्रको तत्काल स्थापनाका साथै विगत, हाल र भविष्यमा हुनसक्ने अपराधलाई अझ राम्ररी सम्बोधन गर्नका लागि राष्ट्रिय कानुन र संस्थाको विस्तृत सुधार गर्नुपर्नेछ ।

२०६७ पुषमा जेनेभास्थित मानवअधिकार परिषद्को विश्वव्यापी अद्यावधिक समीक्षा प्रक्रिया (युनिभर्सल पिरियोडिक रिभ्यु प्रोसेस) ले नेपालमा मानवअधिकारको लेखाजोखा गर्नेछ । यी चर्चाका

साथै अनमिनको म्याद सकिनेबेला २०६७ माघमा सुरक्षा परिषद्मा हुने चर्चाले नेपालमा विद्यमान दण्डहीनतालाई सम्बोधन गर्ने प्रभावकारी संयन्त्र स्थापनाका लागि मार्ग खोल्नुपर्नेछ । जवाफदेहीताको सवालमा नेपाल सरकारको अकर्मण्यता रहिरहेकाले यस्ता संयन्त्रले, उदाहरणका लागि, अन्तर्राष्ट्रिय फौजदारी अदालतमा मुद्दा लैजाने लगायतका काम गर्न सक्नेछन् ।[१]

माओवादी पोलिटब्यूरो सदस्य अग्नि सापकोटाको मुद्दामा संयुक्त राज्य अमेरिका र अस्ट्रेलियाको उदाहरणलाई पछ्याउँदै भारत, चीन, बेलायत, युरोपेली महासंघ, जापान तथा अन्य प्रभावशाली मुलुकले गम्भीर अपराधमा संलग्न रहेका भनी विश्वसनीय प्रमाण पाइएका र उनीहरुमाथि अनुसन्धान भएको भएपनि नभएको भएपनि त्यस्ता व्यक्तिलाई प्रवेशाज्ञा दिनुहुँदैन । तिनीहरु यातनाजस्ता अपराधमा संलग्न भएको पाइएमा विश्वव्यापी क्षेत्राधिकारको सिद्धान्तलाई अपनाएको देशमा पुगेका छन् भने त्यहीँ पक्राउ र कारबाही गर्नुपर्छ ।

यो प्रतिवेदनमा संलग्न गरिएको निरञ्जन बस्नेतको मुद्दाबाट पाठ सिक्दै संरासं शान्ति सेना विभागले छँटनी (Vetting) को प्रक्रियामा सुधार ल्याउनुपर्नेछ जसले गर्दा मानवअधिकारको गम्भीर उल्लंघनका अभियुक्त शान्ति सेनामा नपुगून् ।

## अध्ययन पद्धति

ह्युमन राइट्स वाचले एड्भोकेसी फोरमको सहकार्यमा ६२वटा मुद्दामा अनुसन्धान गऱ्यो र २०६४ मा प्रतिवेदन प्रकाशित गऱ्यो । एड्भोकेसी फोरमले धेरै पीडित परिवारलाई कानुनी सहायता दिएको छ र मुद्दामा अनुगमन, प्रहरी हिरासत तथा अदालतको भ्रमण, मुद्दाका फाइलको समीक्षा र पीडित तथा तिनका परिवारसँग अन्तर्वार्ता गर्छ । कानुनव्यवसायी तथा विभिन्न जिल्लाका कर्मचारीले पीडित परिवारलाई कैयौंपटक भेटेका छन् । उनीहरुले बाग्लुङ, बाँके, बर्दिया, धादिङ, कञ्चनपुर, कास्की, काभ्रे, मोरङ, रुपन्देही, तनहुँ र उदयपुरमा पीडित परिवारसँग दर्जनौं अन्तर्वार्ता लिए । अन्तर्वार्ता पीडित परिवारको मञ्जुरीमा र सम्भव भएसम्म एकान्तमा लिइएको थियो । अन्तर्वार्ताको उद्देश्य उनीहरुलाई प्रस्ट पारिएको थियो र उनीहरुले स्वतःस्फूर्त सूचना दिएका थिए । अन्तर्वार्ताकारले पीडित परिवारलाई क्षतिपूर्तिको आश्वासन वा क्षतिपूर्ति दिएनन् ।

२०६७ भदौमा ह्युमन राइट्स वाचले नेपाल प्रहरीको मानवअधिकार इकाइका अधिकारीहरुसँग भेटघाट गऱ्यो ।

[१] However, the ICC is limited to crimes that took place after July 1, 2002.

# २

## विगतका मानवअधिकार उल्लंघनका घटनामा दण्डहीनता

२०६६ मा *अझै न्यायको पर्खाइमा* प्रकाशित भएपछिको समयमा नेपालको अविकसित शान्ति प्रक्रिया राजनीतिक गत्यवरोधमा परिणत भएको छ। नयाँ संविधान निर्माण र नेपाली सेनामा जनमुक्ति सेनाको समायोजन गर्ने प्रमुख दायित्वलगायत विस्तृत शान्ति सम्झौताका महत्वपूर्ण प्रावधानलाई अझै व्यवहारमा ल्याउन बाँकी छ।

राजनीतिक दलहरुको तात्कालिक भविष्यको प्रमुख लक्ष्य भनेको नयाँ संविधान बनाउनु हो तर राजनीतिक खिँचातानी तथा माओवादीका पूर्वलडाकुको अनिश्चित भविष्यले गर्दा यसतर्फको प्रगति न्यून छ। राज्यको संघीय ढाँचा ठ्याक्कै कस्तो हुने भन्नेबारे बाझिएका धारणाले गर्दा संविधानको मस्यौदा बनाउने काम अझै जटिल भएको छ। विशेष गरी मधेशी समुदायले स्वायत्तताका लागि संघर्ष गरिरहेका छन्। उनीहरु २०६४ माघमा भएको सम्झौताको हवाला दिन्छन् जसमा स्वायत्त मधेशी प्रदेश र मधेशी तथा अन्य समुदायको सरकार गठनमा समानुपातिक प्रतिनिधित्वका बारेमा उल्लेख गरिएको थियो। त्यो सम्झौता खासै कार्यान्वयन भएको छैन।

यस प्रतिवेदनमा वर्णन गरिएका मुद्दाहरुमा अदालतका केही उदाहरणीय फैसलाका बाबजुद नेपाल प्रहरी र महान्यायाधिवक्ताको कार्यालयले अनुसन्धान तथा कारबाहीमा खासै सक्रियता देखाएको पाइएन। अदालतले कुनै मुद्दामा स्थापना गरेका नजिरका बाबजुद त्यस्तै प्रकृतिका मुद्दाका प्रक्रियागत पक्षहरुको बारेमा तर्क गर्न पीडित परिवारले फेरि मुद्दा हाल्नुपर्ने बाध्यता छ। उदाहरणका लागि, सर्वोच्च अदालतले मैना सुनुवारको तथा अन्य मुद्दामा सशस्त्र द्वन्द्वका दौरान सुरक्षाकर्मीले गरेको भनिएका आपराधिक घटनामा नागरिक अदालतको क्षेत्राधिकार हुने भनी फैसला गरिसकेको छ। यसका बाबजुद प्रहरी तथा सरकारी वकिलहरु मुद्दा अनुसन्धान गर्न आनाकानी गर्छन्। रीना रसाइली (मुद्दा नं २९)को मुद्दामा सर्वोच्च अदालतले २०६६ मंसिरमा भन्यो :

> *"कानुनले अपराध घोषित गरेको कानुनमा अन्यथा उल्लेख भएमाबाहेक जोसुकैले जुनसुकै अवस्थामा गरे पनि त्यो अपराध नै हुन्छ । घरमा सुतेको अवस्थामा राती जबर्जस्ती कब्जामा लिई गोली हानी हत्या गरेको भनी जाहेरी परिसकेको अवस्थामा सैनिक वा सुरक्षाकर्मीविरुद्ध अनुसन्धान गर्न कानुनले रोकेको छैन । सैनिक वा सुरक्षाकर्मीविरुद्ध अनुसन्धान नगरिने हो भने संविधानले अंगीकार गरेको कानुनी राज्यको र नागरिकलाई प्रदान गरेको न्यायसम्बन्धी मौलिक हकको उपहास हुनजान्छ ।*[१]

विशेषगरी पुनरावेदन अदालतको तहमा अदालती फैसलामा एकरुपता नहुँदा पीडित परिवारले न्याय पाएका छैनन् । कैयौँ पुनरावेदन अदालतले द्वन्द्वकालीन घटनाको अनुसन्धान आफूबाट नहुने भन्ने अधिकारीहरुको तर्क स्वीकार गर्दै परमादेश निवेदनलाई हाल पनि खारेज गर्ने गरेका छन् (मुद्दा नं ९, ३६, ४१, ४२, ४३) । तर केही अन्यले चाहिँ प्रहरी तथा जिल्ला न्यायाधिवक्तालाई अनुसन्धान गराउनलाई आदेश दिएका पनि छन् ।

रीना रसाइली तथा सुभद्रा चौलागाईंको मुद्दा (मुद्दा नं २९ र ३०)मा सर्वोच्च अदालतले जिल्ला प्रहरी कार्यालय काभ्रेलाई छिटोछरितो अनुसन्धान गर्न निर्देश दिनुको अलावा नेपाल प्रहरीलाई अनुसन्धानमा ढिलासुस्ती गरेकोमा तथा महान्यायाधिवक्ताको कार्यालयलाई सक्रियतापूर्वक अनुसन्धानको अनुगमन गर्न चुकेकोमा न्यायादेशमार्फत् आलोचना गऱ्यो । दुवै मुद्दाको परमादेश निवेदनउपर फैसला सुनाउँदै अदालतले भन्यो :

> *"फौजदारी मुद्दामा अनुसन्धानको कार्यले पत्राचारलाई जनाउँदैन र पत्राचारलाई अनुसन्धान भन्न मिल्दैन । निवेदनमा उल्लेख गरिएको कर्तव्य ज्यान मुद्दामा ढिलो गरी जाहेरी दर्खास्त दर्ता भएको तथ्य निर्विवाद छ । तर हत्याको घटना सम्बन्धमा भोलिपल्टै जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक गई मौखिक रुपमा जाहेर गरेको र त्यसपछि पनि पटक पटक गई सो कुराको जाहेर गर्दा कुनै सुनुवाइ नभएको देखियो ।"*

अदालतको ठहरमा जिल्ला प्रहरी कार्यालय काभ्रेले अनुसन्धानमा चासो नदेखाएर कानुनी कर्तव्यको पालन नगरेको देखियो । त्यसैगरी जिल्ला न्यायाधिवक्ताले प्रहरी अनुसन्धान अधिकारीलाई निर्देश नदिई कानुनी दायित्वप्रति "निष्क्रिय" रहेको पाइयो । अदालतले आदेश दियो :

[१] Supreme Court of Nepal, order of December 14, 2009 in Writ no. 0339/2064 (2007), page 4.

*"जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोकमा दर्ता गराएको कर्तव्य ज्यान मुद्दाको जाहेरी दरखास्तउपर अनुसन्धान तहकिकातको कार्यलाई उक्त प्रहरी कार्यालयले जिम्मेवारीपूर्वक प्रभावकारी ढङ्गले अगाडि बढाई कानुनी कर्तव्य पूरा गरेको नदेखिँदा उक्त जाहेरी दरखास्तअनुरुप शीघ्र अनुसन्धान तहकिकात पूरा गर्नू भनी विपक्षीहरुको नाममा परमादेश जारी गरिएको छ। साथै अनुसन्धान तहकिकातको कर्तव्य पालनमा निरन्तर उपेक्षा गरेको देखिँदा त्यसतर्फ गम्भीर रही सक्रियता देखाउन आवश्यक र उचित कदम चाल्नेतर्फ सजग रही सचेत गराउनू भनी प्रहरी प्रधान कार्यालय, मध्यक्षेत्रीय प्रहरी कार्यालय र अञ्चल प्रहरी कार्यालय बाग्मतीको नाममा न्यायादेश जारी गरिएको छ।"*

कुनै मुद्दामा सर्वोच्च अदालतले अझ एक कदम अघि बढेर पीडक भनिएका व्यक्तिलाई कारबाही गर्ने आदेश पनि दिएको छ। २०६४ जेठको महत्वपूर्ण फैसलामा अदालतले ठहर गऱ्यो, चक्र बहादुर कटवालको मृत्यु सेनाको हिरासतमा यातनाको कारणले भएको थियो यद्यपि उनको शरीर कहीँ फेला परेन। अदालतले प्रहरी तथा सरकारी वकिललाई फौजदारी कारबाही शुरु गर्न आदेश दियो।[२]

कुनै कुनै मुद्दामा सरकारले अदालतको आदेश कार्यान्वयन गर्नुको साटो अवज्ञा गरेको पाइयो। २०६७ साउनमा प्रधानमन्त्रीको कार्यालयले सर्वोच्च अदालतलाई लिखित जवाफ पेश गर्दै भन्यो, "पीडकहरुलाई भविष्यमा गठन हुने आयोगले अनुसन्धान तथा कारबाही गर्नेछन्।"[३] यो सर्वोच्च अदालतले अर्जुन लामाको मुद्दा (मुद्दा नं ३२)मा गरेको फैसलाको बेवास्ता हो। उक्त मुद्दामा यस्ता मुद्दा सत्यनिरुपण तथा मेलमिलाप आयोगका अधिकारीले हेर्ने भन्ने प्रहरीको तर्कलाई खारेज गर्दै अदालतले जिल्ला प्रहरी कार्यालय काभ्रेलाई जाहेरी दर्ता गराउने आदेश दिएको थियो।[४]

नेपाली अधिकारीहरुले संरासं मानवअधिकार समितिमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (आइसिसिपिआर)को ऐच्छिक आलेखअन्तर्गत पेश गरिएको मुद्दाका फैसलाविरुद्धसमेत तर्क गरेका छन्। २०६५ असोजमा ऐच्छिक आलेखअन्तर्गत विचार गरिएको नेपालको पहिलो मुद्दामा मानवअधिार समितिले आइसिसिपिआरको धारा २(३) (प्रभावकारी उपचारको

[२] Supreme Court of Nepal, judgment of June 2007 in Writ no. 3775 (1999)

[३] The Himalayan Times, Supreme Court rap brings government to its senses, August 26, 2010,http://www.thehimalayantimes.com/fullNews.php?headline=Supreme+Court+rap+brings+government+to+its+senses&NewsID=255358

[४] Supreme Court of Nepal, judgment of March 10, 2008 in Writ no. 1231 (2007).

हक), धारा ७ (यातनाबाट बच्ने हक), धारा ९ (व्यक्तिको स्वतन्त्रता र सुरक्षाको हक) र धारा १० (मानव व्यक्तिको अन्तर्निहित मर्यादाको सम्मान)को उल्लंघन भएको पायो ।

सूर्य प्रसाद शर्माको जबर्जस्ती बेपत्ताको मुद्दामा समितिले मानवअधिकारको उल्लंघन भएको भनिएका मुद्दा, विशेषतः बेपत्ता र यातनाका मुद्दा, मा व्यापक अनुसन्धान मात्र नगरी यस्ता अपराधमा संलग्न व्यक्तिलाई अभियोजन तथा कारबाही पनि गर्ने राज्यको दायित्वमा जोड दियो ।[५]

एड्भोकेसी फोरमलाई जानकारी भएअनुसार समितिसँगको सञ्चारमा सरकारले सूर्य प्रसाद शर्माको मुद्दामा बारम्बार तर्क गर्‍यो, यो मुद्दा भविष्यमा गठन हुने बेपत्ता आयोगले अनुसन्धान गर्नेछ । दोषीलाई कारबाही गर्नू भनी समितिले गरेको फैसलाउपर सरकारले केही कदम चालेको छैन ।

२०६७ भदौमा ओएचसिएचआरको सहयोगमा राष्ट्रिय मानवअधिकार आयोगले नेतृत्व गरेको टोलीले धनुषामा शव उत्खनन कार्य गर्‍यो । २०६० मा जबर्जस्ती बेपत्ता बनाइएका सञ्जीव कुमार कर्ण तथा उनका ४ जना साथी (मुद्दा नं १५ १९)लाई मारेर गाडिएको भनिएको ठाउँमा उत्खनन गरियो । टोलीले ४जनाको अवशेष फेला पार्‍यो तर प्रस्ट कारण नबताई उत्खनन कार्य स्थगित गरियो । पाँचौं शव आजको मितिसम्म उत्खनन गरिएको छैन । अबको अनुसन्धान कसरी अगाडि बढ्छ भन्ने कुरा प्रस्ट छैन र राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो प्रस्ट रणनीति सार्वजनिक गरेको छैन । डिएनए प्रतिवेदन नआइकन अभियुक्त भनिएकालाई सोधपूछ गर्नेलगायतका अनुसन्धान अघि नबढ्ने भनी प्रहरीले ह्युमन राइट्स वाचलाई बताएको छ ।

१५ वर्षीया बालिका मैना सुनुवार (मुद्दा नं ३१)को सैन्य हिरासतमा भएको हत्यामा संलग्न भनिएकामध्येका एक अभियुक्त मेजर निरञ्जन बस्नेतलाई २०६६ मंसिरमा संरासंको अनुरोधमा नेपाल सरकारले चाडबाट फिर्ता बोलायो । उनी चाडस्थित शान्तिसेनामा कार्यरत थिए । २०६४ माघमा उनीविरुद्ध गिरफ्तारी वारेन्ट जारी गरिएको थियो । तर उनी नेपाल फर्किनेबित्तिकै उनीविरुद्धको अभियोगको सामना गर्न प्रहरीलाई बुझाउनुको सट्टा सेनाले उनलाई तत्काल आफ्नो नियन्त्रणमा लियो । अदालतको आदेश कार्यान्वयन गर्ने प्रधानमन्त्रीको आदेश अनि संरासं महासचिव र राष्ट्रिय मानवअधिकार आयोगका अपिललाई सेनाले पूरै बेवास्ता गर्‍यो ।[६]

---

[५] Human Rights Committee, Yashoda Sharma vs. Nepal, Communication No. 1469/2006, http://sim.law.uu.nl/SIM/CaseLaw/fulltextccpr.nsf/160f6e7f0fb318e8c1256d410033e0a1/d9fb23ba0c7f13eac12575430037130e?OpenDocument (accessed October 19, 2010).

[६] Nepalnews, NHRC urges govt to proceed cases of HR violation through civil courts, December 24, 2009, http://www.ne palnews.com/main/index.php/news-archive/19-general/3068-nhrc-urges-govt-to-proceedcases-of-hr-violation-through-civil-court.html (accessed October 5, 2010).

मेजर बस्नेतको चाडबाट फर्किंदाको परिस्थितिका बारेमा आन्तरिक अन्वेषण आफूहरुले गरेको भनी २०६७ असारमा सेनाले घोषणा गऱ्यो । उनी 'निर्दोष' भएको र उनलाई संरासंले फर्काउनु 'सबै अन्तर्राष्ट्रिय मूल्यमान्यता र नियमको विरुद्ध' भन्ने निष्कर्ष सेनाले निकाल्यो ।[७] नेपाली सेना कानुनी शाखा प्रमुख मेजर जेनेरल बिए कुमार शर्माका अनुसार 'सेनाले त्यो अवस्थामा दुश्मनसँग लडिरहेको थियो र टाडा[८] (आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि ऐन)अन्तर्गत काम गरिरहेको थियो' र 'यसैकारणले गर्दा बस्नेतविरुद्ध कुनै मुद्दा नै छैन ।'[९]

२०६४ भदौमा सर्वोच्च अदालतले सैन्य अदालतका विगतका फैसलाको समीक्षा गर्दै यस्ता प्रकृतिका मुद्दा नागरिक अदालतले हेर्नसक्ने भनी काभ्रे जिल्ला अदालतलाई मुद्दा पठाएपनि नेपाली सेना असहयोगी बनिरहेकै अवस्था छ । सर्वोच्च अदालतको यो फैसलालाई सेनाले औपचारिक रुपमा चुनौती दिएको पनि छैन । अझ, नागरिक अदालतसँग सहयोगी भूमिका निर्वाह नगरेर यसले विधिको शासनलाई नमानिरहेको अवस्था छ । काभ्रे जिल्ला अदालतमा पूर्पक्ष रोकिइरहेको छ । राजनीतिक सहयोगको अभावमा प्रहरी तथा जिल्ला सरकारी वकिलको कार्यालयले नेपाली सेनालाई सहयोगी भूमिका निर्वाह गराउन नसक्ने देखिएको छ ।

नेपाली सेनाको अतिशय व्यवहारको यो एक उदाहरण मात्र हो । मेजर जेनरल तोरण बहादुर सिंहलाई २०६६ असोजमा बढुवा गरी सहायक प्रधान सेनापतिमा गरिएको नियुक्ति अर्को दृष्टान्त हो । २०६० र २०६१ का बीचमा दसौं बाहिनीको कमान्डरको हैसियतले रहँदा भैरवनाथ गणमा हिरासतमा लिइएकालाई यातना दिने तथा बेपत्ता बनाउने कार्यमा संलग्न रहेको भन्ने अभियोग सिंहमाथि लागेको थियो ।[१०]

द्वन्द्वमा संलग्न अर्को पक्ष, एनेकपा माओवादीले पनि फौजदारी न्याय व्यवस्थासँग सहकार्य गर्न अस्वीकार गरेको छ । माओवादीद्वारा २०६२मा बेपत्ता बनाइएका अर्जुन बहादुर लामा (मुद्दा नं ३२) को

[७] South Asians for Human Rights Army gives Basnet clean chit, claims UN violated norms July 14, 2010 available on http://www.southasianrights.org/?p=1233 (accessed October 5, 2010).

[८] The Terrorism and Disruptive Activities Act (TADA) were adopted into law by Parliament in 2002. Its provisions had earlier been promulgated as an Ordinance in the TADO. It lapsed as a law in the absence of Parliament but was re-promulgated as a royal decree from October 2004. It was not renewed after it lapsed in September 2006 and is no longer in force.

[९] South Asians for Human Rights, Army gives Basnet clean chit, claims UN violated norms, July 14, 2010 available on http://www.southasianrights.org/?p=1233

[१०] These included at least 8 cases documented by Human Rights Watch in the report "Clear Culpability: 'Disappearances' by Security Forces in Nepal," (http://www.hrw.org/en/reports/2005/02/28/clear-culpability-0) released in 2005.

मुद्दामा खासै अनुसन्धान भएको छैन । सर्वोच्च अदालतको आदेशपछि २०६५ असोजमा जाहेरी दर्ता भएको थियो । २०६६ पुषमा जिल्ला प्रहरी कार्यालय काभ्रेले इलाका प्रहरी कार्यालय फोक्सिङटारलाई पत्र लेखी लामालाई गाडिएको भनिएको ठाउँको सुरक्षा गर्नू भनी आदेश दिएको थियो । फोक्सिङटार प्रहरी कार्यालयले उक्त क्षेत्रलाई डोरीले घेरेर राखेको भएपनि त्यसको सुरक्षाका लागि प्रहरी परिचालन गरेन ।

२०६६ माघ र २०६७ जेठमा क्रमशः अस्ट्रेलियन दुतावास र अमेरिकी दुतावासले लामाको हत्याका लागि आदेश दिएको भनी आरोप लागेका माओवादी पार्टी केन्द्रीय सदस्य अग्नि सापकोटालाई प्रवेशाज्ञा दिन अस्वीकार गरे ।[११] काठमाडौंस्थित अमेरिकी दुतावासले 'द्वन्द्वको दौरान सापकोटाले गम्भीर मानवअधिकार उल्लंघन गरेको भन्ने आरोपका कारण' प्रवेशाज्ञा दिन नसकिएको भनी उल्लेख गऱ्यो । सापकोटाका विरुद्ध ह्युमन राइट्स वाच र एड्भोकेसी फोरमले झुट्टा प्रमाण देखाएको भनी माओवादी नेता प्रचण्डले सार्वजनिक रुपमा आरोप लगाए तर सापकोटा निर्दोष भएको पुष्टि गर्ने कुनै प्रमाण दिएनन् ।

## सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग

२०६३ मा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेको ६० दिनभित्र द्वन्द्वका दौरान बेपत्ता भएका व्यक्तिको स्थिति सार्वजनिक गर्ने भनी द्वन्द्वमा संलग्न दुवै पक्षले स्वीकार गरेका थिए । विस्तृत शान्ति सम्झौतामै उच्चस्तरको सत्यनिरुपण तथा मेलमिलाप आयोग पनि गठन गर्ने र युद्धमा पीडित तथा विस्थापित भएका व्यक्तिलाई पुनःस्थापन गर्ने भनी दुवै पक्षले स्वीकार गरेका थिए । चार वर्ष बितिसक्दा पनि यी काम गरिएका छैनन् ।

सरकारले सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग गठन गर्नका लागि दुई मस्यौदा विधेयक तथा संशोधन विधेयकसमेत पेश गरेको थियो । २०६६ चैत्रमा सरकारले संविधानसभामा दुवै विधेयक पेश गरेको हो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दबाबपछि सत्यनिरुपण तथा मेलमिलाप आयोग विधेयकमा विद्यमान मानवअधिकारको गम्भीर उल्लंघनमा संलग्नलाई आममाफी दिने भन्ने विवादास्पद व्यवस्थालाई हटाइएको छ तर मेलमिलाप गराउने अधिकार आयोगको हुने भन्ने विषयमा अझै अन्योल छ । सत्यनिरुपण तथा मेलमिलाप आयोग विधेयकमा सरकारले एउटा प्रावधान राखेको छ जसमा

[११] "Nepal: Investigate Maoists' Role in Killing", Human Rights Watch, July 1, 2010. http://www.hrw.org/en/news/2010/07/01/nepal-investigate-maoists-role-killing

सत्यनिरुपण तथा मेलमिलाप आयोगले सरकारसँग पीडित तथा साक्षीको सुरक्षाका लागि सहयोग माग्नेछ । त्यो प्रावधान अहिले पनि विधेयकमा विद्यमान छ । पीडित र साक्षीको सुरक्षाको सवाललाई सम्बोधन गर्नका लागि छुट्टै कानुनी व्यवस्था गरिनुपर्छ भनी न्यायको वकालत गर्नेहरुले तर्क गरेका छन् ।

बेपत्ता आयोग विधेयकले जबर्जस्ती बेपत्तालाई अपराधीकरण गर्नेछ तर जबर्जस्ती बेपत्ताको परिभाषा अन्तर्राष्ट्रिय मान्यताको अनुकूल छैन ।[१२] मानवताविरुद्धको अपराध वा युद्धअपराधको तहसम्म पुग्ने अपराधको गाम्भीर्यलाई पनि यो विधेयकले पहिचान गर्न सकेको छैन । यस्ता अपराधका लागि प्रस्तावित दण्डका रुपमा सात वर्षसम्म कारागारमा रहने व्यवस्था पनि अपुग नै देखिन्छ ।

यो प्रतिवेदन तयार पार्दाको मितिसम्म यी विधेयकहरुमा छलफल गरिएको छैन । विधेयक संविधानसभामा पेश गरिएका छन् र संविधानसभाले प्रस्तावित संशोधनउपर विचार गरिरहेको छ ।[१३]

यसैबीचमा अन्य कामहरु शुरु भएका छन् । युएनडिपिको सहयोगमा सरकारले फौजदारी कार्यविधि संहिता र अपराधसंहिताको मस्यौदा तयार पारेको छ तर संविधानसभामा पेश गरेको छैन । अपराधसंहिताको दफा नं २०० र २०१ले जबर्जस्ती बेपत्तालाई अपराधका रुपमा हेरेको छ र त्यसका लागि अधिकतम १५ वर्षको सजाय तोकेको छ । बेपत्ता आयोग मस्यौदा विधेयकमा उल्लेखित सजायको प्रावधानसँग यो बाझिने देखिन्छ । मस्यौदा अपराधसंहिताले यातनालाई अपराधको रुपमा लिएको छ र यातनाको परिभाषा अन्तर्राष्ट्रिय मान्यताअनुकूल छैन । यातनाका लागि अधिकतम पाँच वर्षको सजाय र वा जरिवाना तोकिएको छ । साथै यसले मुद्दा दर्ता गर्नका लागि ६ महिनाको हदम्याद तोकेको छ ।

## अन्तर्राष्ट्रिय समुदाय अनि राष्ट्रिय मानवअधिकार आयोगको भूमिका

२०६६ असारपछि अनमिनको म्याद थप्नेसम्बन्धी संरासं सुरक्षा परिषद्का सबै प्रस्तावले दण्डहीनतालाई सम्बोधन गर्ने तथा स्वतन्त्र राष्ट्रिय निकायको क्षमता अभिवृद्धि गरेर मानवअधिकारको प्रवर्द्धन तथा सुरक्षा गर्ने काम आवश्यक रहेको भनी उल्लेख गरेका छन् । दुर्भाग्यवश देशमा व्याप्त दण्डहीनताको

[१२] The Bill covers enforced disappearance carried out by a person "having authorisation under the law" to arrest or investigate or implement laws but not "persons or groups of persons acting with the authorization, support or acquiescence of the State" as set out in the definition contained in Article 2 of the UN Convention for the Protection of All Person from Enforced Disappearances.

[१३] Rajdhani, "Bills on truth and reconciliation and disappearances gathering dust", p. 2, July 28, 2010.

संस्कृतिलाई सम्बोधन गर्न नेपाल सरकार, संरासंलगायत अन्तर्राष्ट्रिय निकाय तथा अस्ट्रेलिया, चीन, युरोपेली देश, भारत तथा अमेरिकाजस्ता दातृराष्ट्रले अत्यन्त थोरै काम गरेका छन् ।

अनमिनको भूमिकाको आन्तरिक आलोचना र राजनीतिक नेतृत्व तथा नेपाली सेनाको दबाबमा २०६७ भदौ ३० गते सुरक्षापरिषद् प्रस्ताव नं १९३९ले २०६७ माघ १ गते अनमिनले नेपाल छोड्ने निर्णय लियो । ह्युमन राइट्स वाच र एड्भोकेसी फोरमले दण्डहीनतालाई सम्बोधन गर्नका लागि बृहत्तर बहिर्गमन रणनीतिका रुपमा संरासंले कार्ययोजना बनाउनुपर्ने भनी माग गरेका छन् । विगतका अपराधलाई सम्बोधन गर्नका लागि प्रभावकारी संक्रमणकालीन न्याय संयन्त्र गठन गर्ने तथा विगत, विद्यमान र सम्भाव्य अपराधलाई सम्बोधन गर्ने गरी राष्ट्रिय कानुन तथा निकायको व्यापक सुधार गर्ने काम यस्तो रणनीतिले समेट्नुपर्छ ।

२०६७ जेठदेखि सरकारले ओएचसिएचआरको कार्यादेशलाई कमजोर बनायो जसको परिणामस्वरुप यसका क्षेत्रीय कार्यालयहरु बन्द भए । पूर्वस्वीकृतिविना थुनाकेन्द्रहरुमा भ्रमण गर्ने अधिकार अहिले यसलाई छैन । सरकारसँगको सम्झौताअनुसार ओएचसिएचआरले राष्ट्रिय मानवअधिकार आयोगको सहकार्यमा देशको मानवअधिकारको स्थिति निरीक्षण गर्ने कार्यादेश पाएको छ ।[१४]

अन्तरिम संविधानअन्तर्गतको संवैधानिक निकाय भएर पनि राष्ट्रिय मानवअधिकार आयोगले स्वतन्त्रतापूर्वक काम गर्न पाएको छैन र आफूले सरकारलाई गरेका सिफारिस कार्यान्वयन गराउन नसकेको भनी यसको आलोचना हुनेगरेको छ ।[१५] राष्ट्रिय मानवअधिकार आयोगको आफ्नै आँकडाका अनुसार यसले गरेका ८६ प्रतिशत सिफारिसमाथि कार्यान्वयन भएको छैन । आयोगले २०५७ मा काम थालेदेखि बेपत्तासम्बन्धी ४७ वटा सिफारिसमध्ये दुई प्रतिशत मात्रमा कार्यान्वयन भएको छ ।[१६]

[१४] "Agreement between the Government of Nepal and the United Nations High Commissioner for Human Rights concerning the Office of the High Commissioner for Human Rights in Nepal", June 9, 2010, http://nepal.ohchr.org/en/index.html (accessed October 2, 2010).

[१५] ACHR, The Withdrawal of OHCHR in Nepal. Agreeing an Alibi for Violation, Briefing Paper No. 5, March 4, 2010, http://www.achrweb.org/briefingpapers/BPNepal-01-10.pdf

[१६] The Himalayan Times, 86 percent of NHRC recommendations have been ignored, July 6, 2010.

# ३

## हालै भएका मानवअधिकार उल्लंघनका घटनामा दण्डहीनता

सशस्त्र द्वन्द्वका दौरान सुरक्षाकर्मी र माओवादीले जसरी दण्डहीनतामा रमाएर काम गर्थे त्यस्तै स्थिति अहिले पनि छ । यहाँ प्रहरीले हिरासतमा दिने यातनाका घटना र "भिडन्तमा हुने मृत्यु"का घटना बढेका छन् ।[१] २०६४ पुष र २०६७ असारका बीचमा ओएचसिएचआरले ३९वटा घटनाको जानकारी पायो जसमध्ये ५७ वटा मृत्युका घटना थिए । हतियारको गैरकानुनी प्रयोगसम्बन्धी विश्वसनीय आरोप पनि यसमा संलग्न थियो । तराईका जिल्लामा सशस्त्र समूहले गर्ने आपराधिक घटनामा भएको वृद्धिसँगै सरकारले ल्याएको आक्रामक नीतिका कारण यीमध्ये अधिकांश घटना भएका हुन् ।[२] ओएचसिएचआरका अनुसारः

> *"गैरन्यायिक हत्यालाई निम्त्याउने समस्याहरु र त्यसमा भएको जवाफदेहीताको अभाव प्रणालीगत रुपमा फैलिएको छ । तर मुख्य समस्याको रुपमा रहेको सुरक्षाफौजमा व्याप्त तथा सरकारमाथिको सार्वजनिक विश्वासलाई क्षयीकरण गर्ने दण्डहीनताको संस्कृतिलाई समुचित न्याय प्रक्रिया सुरु नगरेसम्म अथवा यी आरोपहरुबारे अनुसन्धान गर्ने अधिकारसहितको स्वतन्त्र सरकारी निकायका लागि खाका तयार नगरेसम्म गैरकानुनी हत्यामा मुछिएका हुनसक्ने व्यक्तिहरुविरुद्ध तत्काल कारबाही चालेर यसलाई सम्बोधन गर्न सकिन्छ ।"*[३]

[१] Investigating Allegations of Extra-Judicial Killings in the Terai. OHCHR-Nepal Summary of Concerns," OHCHR-Nepal, July 2010, http://nepal.ohchr.org/en/resources/Documents/Nepali/reports/HCR/Investigating%20Allegations%20of%20Extra-Judicial%20Killings%20in%20the%20Terai.pdf (accessed October 1, 2010).

[२] ibid

[३] ibid

एड्भोकेसी फोरमले अभिलेखन गरेका ५१ जना पीडितसंलग्न भएका अन्य ३० जाहेरीमध्ये १० वटा मात्र सफलतापूर्वक दर्ता भएका छन् ।[४] यीमध्ये अधिकांश द्वन्द्वकालीन घटना हुन् भने ६ वटा चाहिँ द्वन्द्वपछिका घटना हुन् । २०६६ मंसिर २५ गते मानवअधिकार दिवसका दिन पीडित परिवार र कानुनव्यवसायीहरुले १२ वटा जिल्लामा २८ वटा जाहेरी लिएर गएका थिए । प्रहरीले उच्च अधिकारीहरुसँग सल्लाह गर्नुपर्ने भनी कुनैपनि जाहेरी दर्ता गर्न मानेन ।

हत्याका तीनवटा प्रतिनिधिमूलक घटनामा भएका प्रगतिलाई यो अध्यायमा चर्चा गरिएको छ । नेपाल प्रहरी, नेपाली सेना र माओवादी यी छुट्टाछुट्टै घटनामा संलग्न थिए । न्यायप्राप्तिमा तेर्सिएका पुरानै बाधाहरु हाल पनि विद्यमान छन् । महान्यायाधिवक्ता तथा जिल्ला न्यायाधिवक्ताले प्रहरीलाई मुद्दामा अनुसन्धान गर्नका लागि निर्देशन दिने अधिकार भएपनि त्यसको उपयोग गर्दैनन् । आफ्नै सहकर्मीले गरेका मानवअधिकार उल्लंघनका सम्बन्धमा परेका जाहेरीमा प्रहरीले गम्भीरतापूर्वक अनुसन्धान गर्दैनन् । माथि उल्लेख गरेबमोजिम अधिकारीहरुले कहिलेकाहीँ यस्ता घटनामा छानबिन गर्नका लागि अनुसन्धान समिति गठन गर्छन् । यिनले कुनै निष्कर्ष दिँदैनन् र घटनाबाट केही समयका लागि ध्यान अन्यत्र मोड्छन् ।

अनुसन्धानमा ठूलो अवरोधकको भूमिका खेल्ने दुई सैन्यशक्ति रहेका छन् नेपाली सेना र जनमुक्ति सेना । सेना तथा एनेकपा माओवादीले असहयोग गर्ने गरेकाले अदालतका आदेश कार्यान्वयन गर्न प्रहरीलाई गाह्रो छ ।

यसैबीच तराईमा सार्वजनिक सुरक्षाको सवालमा चिन्ता व्यक्त भएका छन् । यहाँ तथाकथित 'भिडन्तमा हुने मृत्यु' को पुनरावृत्ति हुन थालेको छ र प्रहरीले दिने यातनाका घटना समेत बढेका छन् ।[५]

प्रधानमन्त्री माधव कुमार नेपालको सरकारले २०६६ साउन ११ गते विशेष सुरक्षा नीति ल्यायो तर यसलाई सार्वजनिक गरेन । विशेष सुरक्षा नीतिमा मानवअधिकार संलग्न गरिएको छ छैन भन्ने कुरा प्रस्ट छैन ।

[४] "List of FIRs filed with the assistance of Advocacy Forum", Advocacy Forum-Nepal, December 2010, http://www.advocacyforum.org/

[५] Torture and Extrajudicial Executions amid Widespread Violence in the Terai", Advocacy Forum, January 2010. http://www.advocacyforum.org/TeraiReport_Nepali_Nepali.pdf

प्रहरी, सेना तथा माओवादीको संलग्नता रहेको भनिएका हत्याका घटनामा पीडितले न्याय पाउनबाट पर्ने बाधालाई तलका विवरणले देखाएका छन् । यस्ता बाधा सशस्त्र द्वन्द्वको कालदेखि नै विद्यमान छन् ।

## अमृता सुनार, देवीसरा सुनार, चन्द्रकला सुनार

सुर्खेत जिल्लामा अवस्थित हरिहरपुर गाविसका निवासी २९ वर्षीय अमृता सुनार, २८ वर्षीय देवीसरा सुनार र उनकी १२ वर्षीय छोरी चन्द्रकला सुनारलाई सेनाले २०६६ फागुन २६ गते गोली हानी हत्या गरे ।

घटनामा बाँच्न सफल व्यक्ति तथा सेनाका भनाइमा आकाश पातालको फरक छ। सशस्त्र सिकारीसँगको भिडन्तमा यी तीन व्यक्ति मारिएका भन्ने सेनाको तर्क छ । घटनामा बाँच्न सफल दुई व्यक्तिका अनुसार मृतकहरु काउलो टिप्न गएका निःशस्त्र गाउँले थिए । १७ जना सैनिकले तिनलाई चारैतिरबाट घेरी गोली प्रहार गरे जसले गर्दा तीन जनाको मृत्यु भयो ।

दुई प्रत्यक्षदर्शीका अनुसार सैनिकहरुले तीनै महिलाको लाशलाई कथित भिडन्तको २४ घन्टापछि बोकेर अन्तै लगे र मृतकहरुको रगत पनि आलै थियो । एड्भोकेसी फोरम र इन्सेकले स्वतन्त्र अनुसन्धान गर्दा भिडन्त भएको भनिएको ठाउँमा रगतका टाटा थिएनन् । पोस्टमोर्टम रिपोर्टका अनुसार तीनैजना पीडितलाई केही दूरीमा पछाडिबाट गोली प्रहार गरिएको थियो । ती महिलामाथि बलात्कार भएनभएको भन्ने बारे रिपोर्टले केही बताएको छैन । (घटनास्थलमा मृत महिलाहरुको कपडा पाइनुले उनीहरुको बलात्कार भएको हुनसक्ने भन्ने शङ्का गरिएको छ) ।

२०६६ फागुन २८ गते बर्दिया प्रहरीले घटनास्थलमा अनुसन्धान गर्न गयो । प्रहरीले सेनालाई सहयोग गर्न अनुरोध गरेपनि “भिडन्त”मा संलग्न सैनिकका बारेमा उसले कुनै जानकारी उपलब्ध गराएको छैन ।

एड्भोकेसी फोरमको सहयोगमा मृत महिलामध्येकी एकको श्रीमान्ले २०६६ चैत १२ गते १७ जना सैनिक र तीनजना वन अधिकृतविरुद्ध जाहेरी दर्ता गरे । थप अनुसन्धान केही भएको छैन । पीडित पविारका अनुसार सेनाले तिनलाई तथा साक्षीलाई धम्की दिए अनि रु २५००० लिएर जाहेरी फिर्ता लिने सम्झौतामा हस्ताक्षर गर्न लगाए ।[६]

[६] In law, the State Cases Act and regulations do not provide for an FIR to be withdrawn once it has been filed with the police; the decision regarding proceeding with the case lies with the Attorney General's Office.

यो मुद्दामा अनुसन्धान गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायले गरेको आह्वानलाई सरकारले बेवास्ता गर्‍यो । घटनामा सम्बन्धमा अनुसन्धान गर्नका लागि सहमहान्यायाधिवक्ताको अध्यक्षतामा एउटा अनुसन्धान समिति गठन गरियो । यो समितिले २०६७ वैशाख ६ गते सरकारसमक्ष प्रतिवेदन पेश गर्‍यो । सरकारले यसपछि प्रतिवेदनका निष्कर्ष अध्ययन गर्नका लागि मन्त्रीस्तरीय समिति गठन गर्‍यो ।[७] यो समितिले आजका मितिसम्म आफ्नो निष्कर्ष सार्वजनिक गरेको छैन अनि कुनै पनि सिफारिसमाथि कार्यान्वयन गरेको छैन ।

## धर्मेन्द्र बरई



२०६७ असारमा प्रहरी हिरासतमा मरेका धर्मेन्द्र बरई । अस्पतालको मुर्दाघरमा लिइएको तस्बिर ।
© Advocacy Forum

सादा पोशाकमा आएका असई नर बहादुर खत्री र अरु दुई जना प्रहरी अधिकृतहरुले १५ वर्षीय धर्मेन्द्र बरई लाई २०६७ असार १९ गते साइकल दुर्घटनामा भएको रामकेश कहारको मृत्युमा  दोषी देखाई पकाउ गरेका थिए । घटनालगत्तै प्रहरीले धर्मेन्द्र बरईलाई रुपन्देही जिल्लास्थित खजुरीया प्रहरी चौकीमा लग्यो । सोही साँझ धर्मेन्द्रको परिवार र केही गाउँलेहरु उसको तत्काल रिहा गर्न अनुरोध गर्दै प्रहरी चौकी गएका थिए । धर्मेन्द्र बरई भोलि बिहान ८ बजे रिहा हुनेछन् भन्ने कुरा असइले बताए भनेर पारिवारिक स्रोतले बताएका थिए । प्रहरीहरुले धर्मेन्द्रलाई हिरासतभित्रै बन्दुकको निशाना बनाई मार्ने धम्की दिँदै पिट्दै गरेको आवाज उसको पीडादायी क्रन्दनबाट प्रहरी चौकीबाहिर आफ्नो छोराको सकुशल रिहाइको अनुरोध गर्दै बसिरहेका उसका परिवारजनहरुले सुनिरहेका थिए । तर निराश हुँदै

[७] "Government forms ministerial panel to study report on BNP killings", Nepalnews, April 19, 2010, http://www.nepalnews.com/main/index.php/news-archive/2-political/5465-govt-forms-ministerial-panel-to-study-report-on-bnp-killings.html

रातको १०:३० बजेतिर उसका परिवारहरु रित्तो हात घर फर्किन बाध्य भए । २०६७ साल आषाढ २० गते बिहान ४ बजे अचानक असइले धर्मेन्द्रका परिवारलाई फोन गरेर धर्मेन्द्र सिकिस्त बिरामी भएको हुनाले उसलाई उपचारको लागि भीम अस्पताल, भैरहवा लगिएको छ भन्ने जानकारी दिए । तर परिवारका सदस्यहरु अस्पताल पुग्दा धर्मेन्द्रको पहिले नै मृत्यु भइसकेको थाहा पाए ।

अस्पतालका प्रत्यक्षदर्शीहरुको भनाइअनुसार धर्मेन्द्रको शरीरमा दुर्व्यवहार तथा गम्भीर यातनाका कारण र उसको काँध तथा कन्चटमा बिजुलीको झट्काले गर्दा भएका प्रस्ट चोटहरु देखिएका थिए । अस्पतालले उसको यहाँ ल्याउनुभन्दा पहिले नै मृत्यु भइसकेको भन्ने जानकारी दिएको थियो । साथै, पोष्टमार्टम रिपोर्टले मृत्युको कारणबारे केही खुलाएको छैन । तथापि, देब्रे हत्केलामा धेरै नै कोतरिएको नीलडामहरु, दाहिने पाखुरामा २ इन्च चौडाइ र ३ इन्च लम्बाइको घाउको खत, साथै दाहिने पैतालामा नीलडामहरु प्रशस्तै देखिएको कुरा उल्लेख गरेको छ । तर पनि उक्त रिपोर्टले मृतकको देब्रे कन्चटमा लागेको घाउको दाग भने उल्लेख गरेको छैन, जुन तलको तस्बिरबाट प्रस्ट देखिन्छ ।

यही मुद्दामा धर्मेन्द्रसँगै पक्राउ परेका र एउटै कोठामा थुनिएका अर्का आरोपितले सोही राती आफूलाई प्रहरीले विद्युतीय झट्काद्वारा अतिशय पीडा दिएको कुरा एड्भोकेसी फोरमलाई जानकारी गराएका थिए तथापि उनी धर्मेन्द्रको मृत्युपश्चात् रिहा भएका थिए । धर्मेन्द्रलाई पनि उसैगरी यातना दिइएको कुरा उनी निश्चय गरी उल्लेख गर्छन् । उनी भन्छन्, "असह्य यातनापश्चात् धर्मेन्द्र मुखमा फिँज काट्दै भुँइमा पल्टिए" । धर्मेन्द्रले थुनिएकै दिनदेखि गम्भीर मानसिक समस्या भोगेको कुरा एड्भोकेसी फोरमका प्रतिनिधिसँग अन्य थुनुवाहरुले भनेका थिए ।

नागरिक समाजको व्यापक विरोध र लगातारको दबाबपछि राष्ट्रिय तथा स्थानीय प्रशासनले छुट्टाछुट्टै अनुसन्धान शुरु गर्ने निर्णय गऱ्यो । २०६७ साल श्रावण २ गते गृह मन्त्रालयको आदेशमा गृह मन्त्रालयका वरिष्ठ अधिकारी, राष्ट्रिय अनुसन्धान विभागका एकजना सदस्य र वरिष्ठ प्रहरी अधिकृतसहितको ३ सदस्यीय अनुसन्धान टोली गठन गऱ्यो । त्यसपछि उक्त टोलीले घटना स्थानको अवलोकन गरी मुद्दाको अनुसन्धान थालनी गऱ्यो । तथापि, २०६७ मंसिरको मध्यसम्म पनि कुनै प्रतिवेदन सार्वजनिक गरिएको छैन ।

जिल्ला प्रशासन कार्यालयबाट गठित अनुसन्धान समितिले २०६७ श्रावण १८ गते अनुसन्धान प्रक्रिया पूरा गरी प्रतिवेदन सार्वजनिक गऱ्यो । उक्त प्रतिवेदनमा मृत्युको कारण पत्ता नलागेको र यातनाको कारण मृत्यु भएको भन्ने पुष्टि गर्न यथेष्ट प्रमाणको अभाव भएको कुरा उल्लेख गरिएको थियो । धर्मेन्द्रको पक्राउसँगै शारीरिक जाँच गर्ने र उच्च निकायलाई उसको पक्राउको बारेमा जानकारी दिने आफ्नो कर्तव्यबाट प्रहरी चुकेको कुरा उल्लेख थियो । प्रहरी कार्यालयमा थुनुवाको लागि स्वच्छ तथा

पर्याप्त हावाको अभावका साथै अन्य सुविधाहरु पनि पर्याप्त मात्रामा नभएको कुरा उक्त प्रतिवेदनमा उल्लेख गरिएको थियो । प्रतिवेदनमा सरकारले पीडित परिवारलाई पर्याप्त क्षतिपूर्ति प्रदान गरिनुपर्ने र दोषी प्रहरी अधिकृतहरुलाई विभागीय कारबाही अघि बढाउनु भनी सिफारिस गरिएको छ । तर पनि सरकारले अहिले सम्म काजकिरिया खर्चबापत  रु २०,००० बाहेक पीडित परिवारलाई कुनै क्षतिपूर्ति प्रदान गरेको छैन । मुद्दा अदालतमा नै विचाराधीन अवस्थामा रहेको छ  र दोषी प्रहरी अधिकृतहरुलाई कुनै विभागीय कारबाही गरिएको पनि छैन ।

२०६७ भाद्र ६ गते मृतकका बुवा हरिराम बरईले आफ्नो छोराको मृत्युमा दोषी प्रहरीविरुद्ध जाहेरी दर्ता गर्ने प्रयास गरेतापनि प्रहरी उपरीक्षक शेर बहादुर बस्नेतले प्रहरीले आफैं नै यसको जाहेरी दर्ता गरी अनुसन्धान सुरु गरिरहेकोछ भन्दै इन्कार गरे । हरिरामको भनाइ अनुसार  उहाँको ठूलो छोरोलाई प्रहरीमा भर्ती गरिदिने लोभ देखाउँदै  प्रहरीले जाहेरी फिर्ता लिन आग्रह गरेका थिए ।

हरिराम र उनका आफन्तजनहरु सोही दिन सहायक प्रमुख जिल्ला अधिकारी पिताम्बर घिमिरेलाई भेट गरी जिल्ला प्रहरी कार्यालय रुपन्देहीलाई जाहेरी दर्ता गर्न आदेश जारी गरिपाउँ भनी निवेदन गर्न गए । सो मुद्दाको अनुसन्धानका लागि पिताम्बर घिमिरे जिल्ला प्रशासन कार्यालय रुपन्देही बाट गठित अनुसन्धान टोलीको अध्यक्ष पनि थिए । तर उक्त जाहेरी जिल्ला प्रहरी कार्यालय रुपन्देहीसँग नै सम्बन्धित भएको र त्यहीं नै दर्ता हुनुपर्ने तर्क प्रस्तुत गर्दै पीडित परिवारको अनुरोधलाई अस्वीकार गरियो । त्यसपछि हरिरामले उक्त जाहेरी दर्खास्त निवेदन हुलाकमार्फत् जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा पठाए । तर हरिरामले १५ दिनसम्म पनि ती कार्यालयहरुबाट कुनै जानकारी नपाएपछि २०६७ भदौ २४ गते जाहेरी दर्ता गर्न जिल्ला प्रहरी कार्यालय रुपन्देहीलाई आदेश गरीपाउँ भनी पुनरावेदन अदालत बुटवलमा परमादेशको निवेदन दर्ता गरे । त्यसको लगत्तै ३ दिनपछि भदौ २७ गते अदालतले  जिल्ला प्रहरी कार्यालयलाई जाहेरी दर्ता हुन नसक्नुको कारण पेश गर्नू भनी "कारण देखाउ" आदेश जारी गर्‍यो । प्रत्युत्तरमा जिल्ला प्रहरी कार्यालयले उक्त मुद्दा आन्तरिक छलफलकै क्रममा रहेको जानकारी दियो । हालसम्म जिल्ला प्रशासन कार्यालयले पीडित परिवारलाई काजक्रिया खर्चबापत जम्मा रु २०,००० प्रदान गरेको छ । तथापि, यो प्रतिवेदन प्रकाशित भएको मितिसम्म पीडित परिवारजन अदालतको आदेश कुरिबसेका छन् ।

## माओवादी शिविरमा रामहरि श्रेष्ठको मृत्यु

२०६५ साल बैशाख १५ गते व्यापारी रामहरि श्रेष्ठ लाई अपहरण गरी चितवन जिल्लास्थित जनमुक्ति सेनाको शिविरमा गम्भीर यातना तथा दुर्व्यवहारपश्चात् मारिएको भन्ने कुरा संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालयको प्रतिवेदनले पुष्टि गर्दछ । एकीकृत माओवादीका पाँचजना कार्यकर्ताहरुलाई यस घटनामा दोषी देखाइएको छ । प्रहरीले तिनीहरुमध्ये एकजनालाई पूर्पक्षका लागि

थुनामा राखेको छ भने अन्य चारजना फरार छन् । जनमुक्ति सेनाका तेस्रो डिभिजन कमान्डरसँग सोधपुछको लागि २०६५ जेठ १० र जेठ १९ गते पठाएको दुवै पत्रहरुको जनमुक्ति सेनाले जवाफ नपठाएको नेपाल प्रहरीको गुनासो छ । नेपाल प्रहरीका अनुसार जिल्ला अदालतले शंकास्पद आरोपितहरुलाई पक्राउका लागि जारी गरेको आदेश पूरा गर्न एकीकृत माओवादी र जनमुक्ति सेनाको समन्वय आवश्यक रहेको बताउँछ । संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालयले एकीकृत नेकपा माओवादीका अध्यक्षसमक्ष आफ्नो पार्टीका सदस्यहरुलाई नेपाल प्रहरीसमक्ष आत्मसमर्पण गरी अनुसन्धान कार्यमा पूर्ण समन्वय गर्न अनुरोध गरेको छ ।[८] तथापि, नेकपा माओवादी र जनमुक्ति सेनाको असहयोगका कारण यो मुद्दा चितवन जिल्ला अदालतमा कुनै प्रगतिविना थन्किइरहेको छ ।[९]

---

[८] OHCHR letter to Prachanda, July 24, 2009. http://nepal.ohchr.org/en/resources/Documents/English/pressreleases/Year%202009/September2009/2009_09_OHCHR_Letter_to_Prachanda.pdf

[९] ibid

# ४

# सिफारिसहरू

## नेपाल सरकारलाई

- यस प्रतिवेदन र पूर्व प्रकाशन *न्यायको पर्खाइमा* नामक प्रतिवेदनमा अभिलेखीकरण गरिएका गैरन्यायिक हत्या, बलजफ्ती बेपत्ता र अन्य गम्भीर मानवअधिकार उल्लंघन भएको भनिएका घटनाहरुमा तत्काल स्वतन्त्र र निष्पक्ष अनुसन्धान गर्न आदेश दिनुपर्दछ । अनुसन्धान कार्य अघि बढाउन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको पूर्ण समन्वयको सुनिश्चित गरिनुपर्दछ ।
- सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ताको खोजबिनको लागि बन्ने आयोग अन्तर्राष्ट्रिय असल अभ्यास र मापदण्डअनुसारको पूर्ण कार्यादेशसहित तत्काल गठन गरिने कुरा सुनिश्चित गरिनुपर्ने ।
- विचाराधीन अवस्थामा रहेको यातना र बलजफ्ती बेपत्ताविरुद्धको विधेयकले उच्च अधिकारीलाई पनि जवाफदेही बनाउन सक्ने अन्तर्राष्ट्रिय मापदण्डअनुसारको कानुन बनाउनका लागि पर्याप्त संशोधन गरिनुपर्ने ।
- पदोन्नतिका निम्ति र/वा समुद्रपार राष्ट्रसंघीय शान्ति सेनामा वा विदेशमा विशेष प्रशिक्षणका लागि पठाउन प्रस्तावित गरिने नेपाली सुरक्षाकर्मीहरुका विगतका क्रियाकलापहरु रुजु गरी हेर्ने प्रभावकारी छँटनी प्रणालीलाई (Vetting) सुनिश्चित गरिनु पर्दछ ता कि मानवअधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी छानबिनअन्तर्गत रहेको जोकोहीलाई पनि विदेश भ्रमण गर्न प्रतिबन्धित गरिने कुरालाई सुनिश्चित गर्न सकियोस् ।
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, जबर्जस्ती बेपत्ता पार्ने कार्यविरुद्धको महासन्धि, र यातनाविरुद्धको महासन्धिको ऐच्छिक आलेख तत्काल अनुमोदन गरिनुपर्ने ।

## नेपाल प्रहरी निकायहरू र महान्यायाधिवक्ताको कार्यालयलाई

- गैरन्यायिक हत्या, बलपूर्वक बेपत्ता, वा अन्य गम्भीर मानवअधिकार उल्लङ्घन भएको भनिएका अपराधहरुका सन्दर्भमा तत्काल जाहेरी दर्ता गर्नुपर्ने र उक्त मुद्दाहरुमा विश्वसनीय अनुसन्धान र अभियोजन गरिनुपर्दछ। साथै, यी घटनाहरुका सन्दर्भमा शंकास्पद नेपाली सेना, प्रहरी वा एकीकृत माओवादीका सदस्यहरुसँग सोधपुछ गरिनुपर्दछ। जाहेरी दर्ता गर्न इन्कार गर्ने प्रहरीविरुद्ध र विश्वसनीय अनुसन्धान नगर्ने र अदालतको आदेश नमान्ने प्रहरी र अभियोजनकर्ताहरुविरुद्ध विभागीय कारबाही गरिनुपर्दछ।
- द्वन्द्वको समयमा भएका मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाहरुको तत्काल जाहेरी दर्ता गरी प्रभावकारी अनुसन्धान कार्य अघि बढाई तीन महिनाभित्रमा (सर्वोच्च अदालतको फैसला मुताबिक) अदालतलाई प्रतिवेदन पठाउन सबै जिल्ला प्रहरी कार्यालय र जिल्ला सरकारी वकिल कार्यालयलाई प्रस्ट निर्देशन पठाउनुपर्दछ।

## न्यायपालिकालाई

- मानवअधिकारको उल्लंघनका मुद्दाहरुमा तोकिएको समयसम्ममा पनि अदालतको आदेशको पालना नगर्ने नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेनाका सदस्यहरुलाई अदालतको अवहेलनाअन्तर्गत कारबाही गर्न आवश्यक र प्रभावकारी कदम चाल्नुपर्दछ।
- अपराधमा संलग्न अधिकारीहरुलाई जवाफदेही बनाउनका लागि न्यायालयले गर्ने फैसला तथा आदेशहरुमा एकरुपता ल्याउनका लागि भरमग्दुर प्रयास गर्नुपर्दछ।

## राष्ट्रिय मानवअधिकार आयोगलाई

- उत्खनन कार्यका लागि निर्देशिका बनाउनुका साथै मानव अधिकार उल्लंघनका घटनाहरुमा प्रभावकारी अनुसन्धान गरिनुपर्दछ।
- आयोगले नेपाल सरकारलाई तत्काल अभियोजन र अनुसन्धान सुरु गर्नको लागि सिफारिस गरेको मानवअधिकार उल्लंघनका घटनामा संलग्न पीडकहरुको सूची सार्वजनिक गर्नुपर्दछ र सरकार तथा सुरक्षाफौजलाई ती आरोपित पीडकहरुलाई उनीहरुलाई लागेको आरोपबाट अदालतले सफाइ नदिएसम्म पदोन्नति नगर्नका लागि सशक्त दबाब दिनुपर्दछ।

## अन्तर्राष्ट्रिय समुदायहरू विशेषगरी अस्ट्रेलिया, चीन, युरोपेली महासंघ, भारत, जापान, बेलायत र अमेरिकालाई

- नेपालको मानवअधिकारको अवस्थाको बारेमा आगामी जनवरी, २०११ मा तय गरिएको संयुक्त राष्ट्रसंघ मानवअधिकार परिषद्को छलफलमा र सोही महिनामा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्मा नेपालका लागि अनमिनको अवधि पूरा हुन लागेको बारेमा छलफल गरिनुपर्दछ ।
- गम्भीर मानवअधिकार उल्लंघनका अपराधहरु गरेको विश्वसनीय प्रमाण भएकाहरुलाई प्रवेशाज्ञा दिनुहुँदैन ।
- नेपालमा मानवअधिकार उल्लंघनका अपराधमा संलग्न भएका शंकास्पद पीडकहरु आफ्नो देशमा बसेको थाहा पाएमा विश्वव्यापी क्षेत्राधिकार कानुनअन्तर्गत अभियोजन गरिने कार्य सुनिश्चित गरिनुपर्दछ ।

## संयुक्त राष्ट्रसंघलाई

- सुरक्षाफौजका सदस्यहरुको विगतका क्रियाकलापहरु रुजु गरी हेर्ने छँटनी प्रणाली (Vetting) मा प्रभावकारी सुधार गर्नुपर्दछ ताकि गम्भीर मानवअधिकार उल्लङ्घनमा संलग्नहरु संयुक्त राष्ट्रसंघको शान्ति मिसनमा जान नपाऊन् ।
- राष्ट्रिय मानवअधिकार आयोगलाई जघन्य मानवअधिकार उल्लङ्घनका घटनाहरुको प्रभावकारी अनुसन्धान अघि बढाउनका लागि आवश्यक पर्ने स्रोत साधन उपलब्ध गराइदिनुपर्ने ।

नेपाल सरकार, संविधान सभा, नेपाली सेना, नेपाल प्रहरी, एकीकृत नेकपा माओवादी, र प्रभावशाली अन्तर्राष्ट्रिय संघसंस्थाहरुलाई सम्बोधन गर्ने पूर्ण सिफारिसहरु हेर्नको लागि *न्यायको पर्खाइमा* नामक प्रतिवेदनको पृष्ठ नं. ५२-५५ हेर्नको लागि अनुरोध गर्दछौं ।

# आभार

नेपालमा भएको सशस्त्र द्वन्द्वका दौरान भएका अपराधमा दण्डहीनताको अभिलेखन गर्ने प्रतिवेदनका श्रृंखलामा यो तेस्रो कडी हो । यो प्रतिवेदनभन्दा पहिले ह्युमन राइट्स वाच र एड्भोकेसी फोरमले दुईवटा संयुक्त प्रतिवेदन प्रकाशित गरेका थिए – सेप्टेम्बर २००८ मा *न्यायको पर्खाइमा : नेपालको सशस्त्र द्वन्द्वका अदण्डित अपराधहरु* र अक्टोबर २००९ मा *अझै न्यायको पर्खाइमा : नेपालमा दण्डहीनताको निरन्तरता* ।

यो प्रतिवेदन एड्भोकेसी फोरमकी अन्तर्राष्ट्रिय सल्लाहकार इन्ग्रिड मसाजे र ह्युमन राइट्स वाचका दक्षिण एसिया अनुसन्धानकर्ता तेज थापाले तयार गर्नुभएको हो । यो प्रतिवेदन तयार गर्नका लागि मुद्दा संकलन गर्ने, अनुगमन गर्ने र अद्यावधिक गर्ने काम जिल्लामा खटिएका एड्भोकेसी फोरमका कानुनव्यवसायी तथा अन्य प्रतिनिधिले गर्नुभएको हो । मुद्दाहरुलाई जिल्लाका साथीबाट संकलन गर्ने, संयोजन गर्ने, सम्पादन गर्ने तथा अद्यावधिक गर्ने काम एड्भोकेसी फोरम केन्द्रीय कार्यालय अभिलेखीकरण तथा जवाफदेहीता विभागका संयोजक रविन्द्र गौतम र उपसंयोजक विन्देश दहालले गर्नुभएको हो । प्रतिवेदनको नेपाली अनुवाद विन्देश दहाल र रविन्द्र गौतमले गर्नुभएको हो भने धिराज पोखरेलले सम्पादन गर्नुभएको हो । यसको लेआउट डिजाइन किशोर प्रधानले गर्नुभएको हो । उहाँ सबैप्रति हामी कृतज्ञ छौँ ।

ज्ञात अज्ञात सबै सहयोगीहरुलाई हामी धन्यवाद प्रकट गर्दछौँ । विशेषगरी हामी पीडित परिवारप्रति अत्यन्त आभारी छौँ । उहाँहरुले हामीसँग आफ्ना अनुभव नसाट्नुभएको भए यो प्रतिवेदन तयार हुने थिएन । आफ्नो नाम प्रतिवेदनमा आउँदा आफूमाथि प्रत्याक्रमण हुनसक्ने भनी अनुरोध गरेकाले धेरैजसो पीडित परिवारको नाम यहाँ उल्लेख गरिएको छैन ।

| केस नं. | नाम | जिल्ला | घटना संक्षेपमा | जाहेरी लगेको मिति | जाहेरी दर्ता भए नभएको | २०६५ र २०६६मा भएका प्रगति | हालको प्रगति (२०६६ असोजपछि) |
|---|---|---|---|---|---|---|---|
| १ | राजु विक | बाग्लुङ | २०५८ फागुन १७ गते बाग्लुङ नगरपालिका-११ मा अवस्थित आफ्नै बुबाको घरमा बसिरहेका राजु विकलाई हातहतियार बोकी सैन्य पोशाकमा आएका ८/९ जनाको सैनिकहरुको समूहले पक्राउ गरे । पछि निजले भाग्ने प्रयास गर्दा सेनाद्वारा गोली प्रहार गरी मारियो भनी प्रहरीले बताए । | २०६३ चैत्र ४ | भएको | जाहेरी दर्ता भएपनि अनुसन्धान नभएको । २०६६ असार ४ गते छिटोछरितो अनुसन्धान गराइपाउँ भनी पुनरावेदन अदालत बागलुङ्गमा परमादेश निवेदन दायर । | २०६६ कार्तिक २५ गते पुनरावेदन अदालत बागलुङ्गले जिल्ला प्रहरी कार्यालय बागलुङ्गलाई छिटोछरितो अनुसन्धान थाल्न परमादेश जारी गऱ्यो । यस आदेशका बाबजुद प्रहरीले कुनै कारवाही अगाडि बढाएको पाइएन । |
| २ र ३ | गंगा गौचन र पहलवीर विक (पहल सिंह) | बाग्लुङ | २०६१ असार २७ गते काठको काम गर्दै आएका गंगा गौचन आफ्नो साथी पहल सिंहलाई भेट्न तारा गाविस, वडा नं. ५ सागुकोट गाउँ गए । गंगा गौचन र पहल सिंह कुरा गर्दै बसिरहेको पसलमा मेजर अङ्शी विष्टको | २०६३ फागुन ३ | भएको | जाहेरी दर्ता भएपनि अनुसन्धान नभएको । २०६६ असार ४ गते छिटोछरितो अनुसन्धान गराइपाउँ भनी पुनरावेदन अदालत बागलुङ्गमा परमादेश निवेदन दायर । | २०६६ कार्तिक २५ गते पुनरावेदन अदालत बागलुङ्गले जिल्ला प्रहरी कार्यालय बागलुङ्गलाई छिटोछरितो अनुसन्धान थाल्न परमादेश जारी गऱ्यो । यस आदेशका बाबजुद प्रहरीले कुनै कारवाही अगाडि बढाएको पाइएन । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | कमाण्डमा खडगदल बटालियनबाट खटिएको सेनाको एक जत्था आइपुगी माओवादीलाई लुकाएको आरोप लगाउँदै सेनाहरूले निजहरूलाई २५ मिटर परसम्म घिसार्दै लगी गोली प्रहार गरी मारे । | | | | |
| ४ | डिल्ली प्रसाद सापकोटा | बाग्लुङ | २०६१ माघ २९ गते सुरक्षाकर्मीहरुको समूहले डिल्लीप्रसाद सापकोटालाई पक्राउ गऱ्यो । डिल्लीप्रसाद सापकोटा माओवादी पार्टीसँग आबद्ध बाग्लुङ नगरपालिका "जनसरकार" प्रमुख हुनुका साथै नेकपा (माओवादी) को जिल्ला स्तरमा विविध कार्यभार सम्हाल्दै आएका थिए । ३ जना प्रत्यक्षदर्शीका अनुसार डिल्लीप्रसाद सापकोटालाई पक्राउपश्चात् सोही दिन रुखमा बाँधेर यातना दिँदै दिउँसोको करिब ३ बजेतिर गोली प्रहार गरी मारिएको थियो । | २०६४ फागुन | नभएको | जाहेरी दर्ता गर्न जाँदा प्रहरीले परिवारलाई मार्ने धम्की दिएको । | पीडित परिवारले सबै आशा मरिसकेको भनी अब मुद्दा अगाडि नबढाउने निर्णय गरेको छ । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ र ६ | दलबहादुर थापा र पार्वती थापा | बाँके | २०५९ भदौ २५ गते बेलुका करिब ८:४० बजेतिर दलबहादुर थापाको परिवार बन्दुक पड्केको आवाजले ब्यूँझिए । उनीहरूको घरमा १५ मिनेटसम्म फायरिङ्ग भयो र उक्त घटनामा दल बहादर, निजकी श्रीमती पार्वती थापा र १० महिने छोरी दीपा घाइते भए । दलबहादुरकी आमाले घाइते छोरा, बुहारी र नातिनीलाई अस्पताल लैजान तरखर गर्दा परिवाजनले फ्ल्यास लाइट बालेर ५०/६० सुरक्षाकर्मीहरू आए; छोरा, बुहारीलाई लगे र उनीहरुको हत्या गरे । | २०६४ असार ३१ | भएको | २०६५ जेष्ठबाट अनुसन्धान शुरु भएपनि खास प्रगति केही पनि नभएको । दलबहादुरकी आमाले २०६६ असार ४ गते पुनरावेदन अदालत नेपालगंजमा छिटोछरितो अनुसन्धान गराइपाउँ भनी परमादेश निवेदन दायर । | २०६६ फागुन १२ गते पुनरावेदन अदालत नेपालगंजले जिल्ला प्रहरी कार्यालय बाँकेलाई छिटोछरितो अनुसन्धान टुङ्गोमा पुऱ्याउन परमादेश जारी गऱ्यो । एड्भोकेसी फोरमले अनुसन्धान अधिकारीहरुलाई अदालतको आदेश पालना गर्न बारम्बार आग्रह गरेकोमा उनीहरु सेनाले पत्रको जवाफ नफर्काउने गरेको भनी बताउँछन् । |
| ७ र ८ | धनीराम चौधरी र जोरीलाल चौधरी | बाँके | २०६१ असोज १३ गते दिउँसो करिब १२:५० बजेतिर बागेश्वरी बटालियन र सुरक्षा आधार शिविरबाट संयुक्त रूपमा खटिएका लगभग २०० जना सुरक्षाकर्मीको टोलीले साहू दिलाराम डाँगीको खेतमा काम गरिरहेका धनीराम थारू र जोरीलाल थारू नामका दाजुभाइलाई पक्राउ गरे र पछि गोली हानी हत्या गरे । | २०६४ कार्तिक १२ | भएको | अनुसन्धान नै नभएको । पीडित परिवारले २०६६ असार ४ गते पुनरावेदन अदालत नेपालगंजमा छिटोछरितो अनुसन्धान गराइपाउँ भनी परमादेश निवेदन दायर गरे । | २०६६ पुष २९गते पुनरावेदन अदालत नेपालगंजले जिल्ला प्रहरी कार्यालय बाँकेलाई छिटोछरितो अनुसन्धान टुङ्गोमा पुऱ्याउन परमादेश जारी गऱ्यो । एड्भोकेसी फोरमले अनुसन्धान अधिकारीहरुलाई अदालतको आदेश पालना गर्न बारम्बार आग्रह गरेकोमा उनीहरु सेनाले पत्रको जवाफ नफर्काउने गरेको भनी बताउँछन् । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | केशर बहादुर बस्नेत | बर्दिया | २०५८ फागुन २७ गते दिउँसो करिब ४ बजे स्थानीय स्वास्थ्यकेन्द्रका लेखापाल केशर बहादुर बस्नेतलाई नेपाली सेनाले बाँके जिल्लाको भुरीगाउँस्थित निज कार्यरत कार्यालयबाटै पक्राउ गऱ्यो । पछि उनलाई गुलरिया ब्यारेक र त्यहाँबाट गाडीमा हालेर लगेपछि उनी देखापरेका छैनन् । | २०६३ फागुन २ गते | भएको | अनुसन्धान नै नभएको । पीडित परिवारले २०६६ असार ४ गते पुनरावेदन अदालत नेपालगंजमा छिटोछरितो अनुसन्धान गराइपाउँ भनी परमादेश निवेदन दायर गरे । | २०६६ मंसिर ३ गते पुनरावेदन अदालत नेपालगंजले जिल्ला प्रहरी कार्यालय बाँकेलाई छिटोछरितो अनुसन्धान टुङ्गोमा पुऱ्याउन परमादेश जारी गऱ्यो । एड्भोकेसी फोरमले अनुसन्धान अधिकारीहरुलाई अदालतको आदेश पालना गर्न बारम्बार आग्रह गरेकोमा उनीहरु सेनाले पत्रको जवाफ नफर्काउने गरेको भनी बताउँछन् । |
| १० | भौना थारू (चौधरी) | बर्दिया | २०५९ जेठ १७ गते दिउँसो १:१५ बजे बर्दिया जिल्लाको न्याउलापुर गाविस, वडा नं. २ मा पर्ने सुजनपर गाउँको आफ्नै निवासमा भौना थारू मारिए । शङ्कास्पद माओवादीलाई लखट्दै दिउँसो करिब १ बजेतिर सेनाको एक टोली त्यहाँ आएको थियो । घटनाका प्रत्यक्षदर्शी भौना थारूका परिवारजनका अनुसार दुई जना सेनाका जवानले घरभित्र प्रवेश गरी गोली प्रहार गरी भौनाको हत्या गरे । | २०६३ साउन ८ | भएको | अनुसन्धान नै नभएको । पीडित परिवारले २०६६ असार ४ गते पुनरावेदन अदालत नेपालगंजमा छिटोछरितो अनुसन्धान गराइपाउँ भनी परमादेश निवेदन दायर गरे । | २०६६ मंसिर ३ गते पुनरावेदन अदालत नेपालगंजले जिल्ला प्रहरी कार्यालय बाँकेलाई छिटोछरितो अनुसन्धान थाल्न परमादेश जारी गऱ्यो । एड्भोकेसी फोरमले अनुसन्धान अधिकारीहरुलाई अदालतको आदेश पालना गर्न बारम्बार आग्रह गरेकोमा उनीहरु सेनाले पत्रको जवाफ नफर्काउने गरेको भनी बताउँछन् । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ र १२ | नरबहादुर बुढामगर र रतनबहादुर बुढामगर | डडेलधुरा | २०६१ भदौ १ गते बिहान ७ बजेतिर सूर्यदल बटालियनबाट खटिएका १५० जना जतिको सैन्य जत्थाले नर बहादुर बुढामगर र उनका भाइ रतन बहादुर बुढामगरको घर घेराउ गरी निजहरूलाई पक्राउ गरे । प्रत्यक्षदर्शीले भनेअनुसार नर बहादुर र रतन बहादुरलाई ती सुरक्षाकर्मीले गाउँ घुमाई कञ्चनपुर जिल्लाको सुधा गाविस, वडा नं. ४ मा लगी दुवै दाजुभाइलाई अन्दाजी ४ बजेतिर गोली हानेर मारियो । | २०६४ असार ४ | भएको (अदालत को आदेश पछि) | प्रहरी तथा जिल्ला प्रशासन कार्यालयले जाहेरी दर्ता गर्न नमानेपछि पुनरावेदन अदालत कञ्चनपुरमा जाहेरी दर्ता तथा अनुसन्धान गराइपाउँ भनी परमादेश निवेदन दायर । २०६३ चैत २६मा परमादेश जारी । २०६४ असार ४मा जाहेरी दर्ता । अनुसन्धान पटक्कै नभएको । २०६५ जेठ २३मा उक्त अदालतमै अदालतको अवहेलना तथा दोस्रो परमादेश निवेदन दायर । अनुसन्धानको प्रारम्भिक प्रतिवेदन जिल्ला सरकारी वकिलको कार्यालयलाई पठाएको भन्ने प्रहरीद्वारा अदालतलाई जानकारी । यसैको आधारमा २०६५ माघ २५मा अदालतद्वारा अवहेलना मुद्दा खारेज । | पुनरावेदन अदालतले खारेज गरेको अदालतको अवहेलनाको मुद्दालाई चुनौती दिँदै पीडित परिवारले २०६६ भाद्र २ गते सर्वोच्च अदालतमा मुद्दा दायर गरे । यो मुद्दा हाल अदालतमा विचाराधीन छ । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | जयलाल धामी | डडेलधुरा | २०६१ फागुन १ गते महेन्द्रनगर जान भनी जयलाल धामी एकाबिहानै घरबाट निस्किए । त्यहाँ आफन्तको घरमा एकछिन बसेर उनी घरतिर फर्किए । तर उनी घरमा पुगेनन् । त्यस दिन राति रेडियोले पुतलीबजारमा भएको दोहोरो भिडन्तमा सुरक्षाफौजद्वारा केही "आतंककारी" मारिए भन्ने समाचार प्रसारण गऱ्यो । "दोहोरो भिडन्त" त बहाना मात्रै हो, गाउँलेहरूले बताए । | २०६४ भदौ २४ | भएको | अनुसन्धान नै नभएको । २०६६ असार ४ पुनरावेदन अदालत महेन्द्रनगरमा छिटोछरितो अनुसन्धान गराइपाउँ भनी परमादेश निवेदन दायर । २०६६ भदौ ७ मा मुद्दा खारेज । | प्रहरीले अनुसन्धान जारी राखेको भन्ने आधारमा पुनरावेदन अदालत महेन्द्रनगरले मुद्दा खारेज गरेको निर्णयलाई चुनौती दिँदै पीडित परिवारले २०६६ माघ ५ गते सर्वोच्च अदालतमा मुद्दा दायर गरे । यो मुद्दा हाल अदालतमा विचाराधीन छ र अर्को सुनुवाइ २०६७ पौष ८ गते हुनेछ । |
| १४ | सरला सापकोटा | धादिङ | २०६१ असार ३१ गते बिहान करिब ११ बजे तिर हातहतियार सहित आएको १२ जना सम्मिलित सेनाको समूहले सरला सापकोटालाई हजुरबुबाको घरबाट पक्राउ गऱ्यो । सरलालाई पक्राउ गर्दा सेनाले पक्राउ गर्नु पर्ने कुनै कारण नबताएको प्रत्यक्षदर्शी सरलाको परिवारले बताए पछि फरेन्सिक विशेषज्ञसमेत सामेल भएको राष्ट्रिय मानवअधिकार आयोगको एक टोली आई सरलाको गाउँ नजिकैको स्थानमा | २०६३ असार १४ | भएको | पटक्कै अनुसनधान नभएको । २०६४ कार्तिकमा सरलाका पिताले सर्वोच्च अदालतमा परमादेश निवेदन दिए । | २०६७ जेठ १७ गते सर्वोच्च अदालतले विपक्षी जिल्ला प्रहरी कार्यालय धादिङलाई छिटोछरितो अनुसन्धान थाल्न परमादेश जारी गऱ्यो । यस आदेशका बाबजुद प्रहरीले कुनै कारवाही अगाडि बढाएको पाइएन । २०६५ असार ३० गते राष्ट्रिय मानवअधिकार आयोगले पीडित परिवारलाई रु ३००००० उपलब्ध गराउन सरकारलाई सिफारिस गरेकोमा सरकारले हालसम्म पनि कार्यान्वयन गरेको पाइएन । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | गाडिएको ठाउँबाट सरलाको लाश झिक्यो । सरलाका बुबाले लाशले लगाएको कपडा र चप्पल सरलाकै हो भनी पहिचान गरे । | | | | |
| १५ देखि १९ | सञ्जीव कुमार कर्ण, दुर्गेश कुमार लव, जितेन्द्र झा, शैलेन्द्र यादव तथा प्रमोद नारायण मण्डल | धनुषा २०६३ असार मा पीडित परिवारले प्रहरीलाई पाँचैजनालाई गाडिएको भन्ने ठानिएको ठाउँ देखाए । | २०६० असोज २१ गते दिउँसो करिब १२:१० देखि २ बजे बीचमा सुरक्षाफौजले सञ्जीव कुमार कर्ण, दुर्गेश कुमार लव, जितेन्द्र झा, शैलेन्द्र यादव र प्रमोद नारायण मण्डल सहित ११ जनालाई जनकपुर नगरपालिका, वडा नं. ४ को कटइयाचौरी भन्ने ठाउँबाट पक्राउ गरी लग्यो । पछि नेपाली सेनाको मानवअधिकार एकाईबाट सञ्जीव कुमार कर्ण र उसका ४ साथीहरू २०६० असोज २१ को प्रहरी कारवाहीमा मारिएको भन्ने व्यहोरा भएको पत्र राष्ट्रिय मानवअधिकार आयोगले प्राप्त गर्‍यो । | २०६५ फागुन | भएको (सर्वोच्च अदालत को आदेश पछि) | २०६५ फागुनमा सर्वोच्च अदालतले जाहेरी दर्ता गरी अनुसन्धान थाल्नु भनी परमादेश जारी गर्‍यो । | अनेकौं प्रयासपछि पीडितहरुको शव उत्खनन कार्यका लागि राष्ट्रिय मानवअधिकार आयोगको नेतृत्वमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विधिविज्ञानका विज्ञहरु सहभागी भएको टोलीले उक्त कार्य गर्‍यो । शव उत्खनन प्रक्रियाका बारेमा पीडित परिवार, तिनका कानुनी सल्लाहकार तथा अन्य मानवअधिकार सङ्गठनलाई पर्याप्त जानकारी नदिइएको भन्ने चिन्ता प्रकट भए । ४ जना पीडितको अवशेष निकालेपछि विज्ञहरु बिरामी परेको भन्दै शव उत्खनन कार्य अनिश्चित कालका लागि स्थगित गरिएको भनी राष्ट्रिय मानवअधिकार आयोगले जानकारी गरायो । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० र २१ | रामचन्द्र लाल कर्ण र मनोज कुमार दत्त | धनुषा | २०६० असोज २५ गते बिहान करिब १०:१५ बजे मनोज कुमार को जनकपुर नगरपालिका, वडा नं. ८ स्थित घरबाट राम चन्द्र लाल कर्ण र निजका साथी मनोज कुमार दत्तलाई सादा पोसाकमा आएका २५-३० जना सुरक्षाकर्मीको समूहले पक्राउ गऱ्यो । पक्राउका बखत हात पिठ्यूँ पछाडि बाँधेर घोप्टो पारेर भूँईमा लडाई सुरक्षाकर्मीले लाठी, ढुङ्गा र लात्तले हानी रगतपच्छे बनाएका थिए । धेरै पछि पीडित परिवारले राष्ट्रिय मानवअधिकार आयोगले पठाएको एक पत्र पाए, जसमा जसअनुसार  जनकपुरमा भएको भिडन्तमा राम चन्द्र लाल कर्ण र मनोज कुमार दत्त मारिएका थिए । | २०६३ कार्तिक २ | भएको | अनुसन्धान नै नभएको । २०६६ असार ४ पुनरावेदन अदालत जनकपुरमा छिटोछरितो अनुसन्धान गराइपाउँ भनी परमादेश निवेदन दायर । | २०६६ मंसिर १६ गते पुनरावेदन अदालत जनकपुरले विपक्षी जिल्ला प्रहरी कार्यालय धनुषालाई जाहेरी १० नं डायरीअन्तर्गत दर्ता गरी छिटोछरितो अनुसन्धान थाल्न परमादेश जारी गऱ्यो ।  यस आदेशका बाबजुद प्रहरीले कुनै कारवाही अगाडि बढाएको पाइएन । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२ देखि २६ | लप्टन यादव, रामनाथ यादव, शत्रुघन यादव, राजगीर यादव र रामपुकार यादव | धनुषा | २०६१ असोज १५ गते बिहान १ देखि २ बजे बीचमा सुरक्षाकर्मीको एक समूहले लप्टेन यादव, रामनाथ यादव, शत्रुघन यादव, राजगीर यादव, र राम पुकार यादवको घर भित्र घुसी निजहरूलाई पक्राउ गऱ्यो । शत्रुघन यादवलाई भने रामनाथको घरबाट पक्राउ गरियो । लप्टेनको घरमा घुसेर सुरक्षाकर्मीले उनलाई देखेपछि पिस्तोल ताकेर पक्राउ गरेको थियो । ती ५ जनालाई कहाँ लगिदै छ भन्दै पिछा नगर्न सुरक्षाकर्मीले पीडित परिवारलाई चेतावनी दिएका थिए । पछि ती ५ जनालाई धनुषा जिल्ला, चोराकोयालपुर गाविसको केउटानी भन्ने गाउँको दक्षिणमा अवस्थित चौरीखेतमा लगिएको भन्ने जानकारी परिवारले रिहा भएकाहरूबाट पाए । ती ५ जनालाई भोलिपल्ट बिहान ५ बजे गोली हानी हत्या गरिएको प्रत्यक्षदर्शीले बताए । | २०६४ कार्तिक | नभएको | प्रहरीद्वारा जाहेरी दर्ता गर्न अस्वीकार । | पीडित परिवारले जिल्ला प्रहरी कार्यालय धनुषालाई छिटोछरितो अनुसन्धान थाल्नका लागि परमादेश जारी गर्नका लागि पुनरावेदन अदालत जनकपुरमा निवेदन दर्ता गर्ने मनसुबा बनाइरहेका छन् । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २७ | रमादेवी अधिकारी | झापा | २०६२ असार १९ गते सादा पोसाकमा आएका ५ जनाको संयुक्त सुरक्षाफौजले बिहानको करिब ५ बजेतिर रमा देवी अधिकारी र निजका श्रीमान देवी प्रसादलाई ब्यूँझायो र दुवै श्रीमान् श्रीमतीलाई पक्राउ गऱ्यो । देवी प्रसादलाई घरबाहिर तथा रमादेवी अधिकारीलाई घरपछाडि लगियो । देवी प्रसादले आफ्नी श्रीमती चिच्याएको आवाज सुने । रमादेवी अधिकारीलाई त्यसबेला घरपछाडि गल्लीमा गोली प्रहार गरी हत्या गरिएको थियो । | २०६३ कार्तिक २३ | नभएको | प्रहरीद्वारा जाहेरी दर्ता गर्न अस्वीकार । | २०६६ असोज २६ गते पुनरावेदन अदालत इलाममा दर्ता गरिएको परमादेशको निवेदनलाई शवपरीक्षण प्रतिवेदन संलग्न नभएको र घटना भएको धेरै समयपछि मात्र जाहेरी दिन आएको भन्ने आधारमा अदालतले खारेज गऱ्यो । अदालतको यो निर्णयलाई चुनौती दिँदै पीडित परिवारले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका छन् । यो मुद्दा हाल अदालतमा विचाराधीन छ र अर्को सुनुवाइ २०६७ पौष ८ गते हुनेछ । |
| २८ | हरि प्रसाद बोलखे | काभ्रे | २०६० पुष १२ गते बिहान हरि प्रसाद बोलखेले बनेपा बसपार्कमा आफ्ना बुबा पुष्प प्रसाद बोलखेलाई भेट्न जाँदा जिल्ला प्रहरी कार्यालय, काभ्रेका प्रहरी हवल्दार खड्गबहादुर लामाले निजलाई गाडीमा जबर्जस्ती कोची लगे । पछि राष्ट्रिय मानवअधिकार आयोगका | २०६३ कार्तिक २१ | भएको (सर्वोच्च अदालत का आदेश पछि) | जाहेरी दर्ता तथा अनुसन्धान गराइपाउँ भनी सर्वोच्च अदालतमा परमादेश निवेदन दायर । | जाहेरी दर्ता गरिसकेको भन्ने पत्र अदालतलाई जिल्ला प्रहरी कार्यालय काभ्रेले पठाएको भन्ने आधारमा सर्वोच्च अदालतले परमादेश मुद्दा खारेज गऱ्यो । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सदस्यहरू र एक फरेन्सिक प्याथोलोजिष्टको नेतृत्वमा रहेको एक टोलीले हरि प्रसादको लाश गाडिएको स्थान गई शव उत्खनन गऱ्यो । उनलाई गोली हानी मारिएको रहेछ । | | | | |
| २९ | रीना रसाइली | काभ्रे | २०६० माघ २९ गते रातको करिब ११:४५ बजे ढोकामा ढकढक हानेको आवाजले रीना रसाइली र निजको परिवार ब्यूँझिए । आफूहरू भकुन्डेबेसीमा कार्यरत सेना भएको बताउँदै सादा पोशाकमा हातहतियारसहित आएका १० जना ढोका फोरी जबर्जस्ती घरभित्र घुसे । ती सेनाले रीनाका बुबाआमालाई कुटपिट गरी माओवादी भएको आरोप लगाउँदै रीनालाई ओच्छ्यानबाट घिसार्दै लगे । रीनालाई गोठमा लगेर रातभरी नै बलात्कार गरेको परिवारले बताए । केही सेनाका जवानहरू रीनालाई लैजान छेउमा आए । करिब ५:१५ मा परिवारले ३ पटक बन्दुक पड्केको आवाज | २०६३ जेठ ११ | भएको | टालटुले अनुसन्धान भएको । २०६४ असोजमा रिनाका पिताद्वारा छिटोछरितो अनुसन्धान गराइपाउँ भनी सर्वोच्च अदालतमा परमादेश निवेदन दायर । | २०६६ मंसिर २९ गते सर्वोच्च अदालतले जिल्ला प्रहरी कार्यालय काभ्रे तथा जिल्ला सरकारी वकिल कार्यालय काभ्रेलाई छिटोछरितो अनुसन्धान टुङ्गोमा पुऱ्याउन न्यायादेशसहितको परमादेश जारी गऱ्यो । अनुसन्धानमा लापरवाही देखाएको भन्दै अदालतले प्रहरी प्रधान कार्यालय, मध्यमाञ्चल प्रहरी कार्यालय, वाग्मती अञ्चल प्रहरी कार्यालयप्रति रोष प्रकट गऱ्यो र महान्यायाधिवक्ताको कार्यालयलाई समेत जिल्ला सरकारी वकिल कार्यालय काभ्रेलाई जिल्ला प्रहरी कार्यालय काभ्रेसँग समन्वयकारी भूमिका खेल्नलाई निर्देश दिनका लागि आदेश जारी गऱ्यो । यसैबीच भगोडा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सुने, तर के भयो भनी हेर्न जान आँट भने गर्न सकेनन् । एकदुई घण्टापछि रीनालाई खोज्न जाँदा उनीहरूले घरै छेउमा रीनाको लाश भेटे । रीनालाई टाउको, आँखा र छातीमा गोली प्रहार गरिएको थियो । | | | | सैनिक काजी कार्की जिल्ला अदालत काभ्रेको आदेशमा हाल जिल्ला प्रहरी कार्यालय काभ्रेको थुनामा कैद छन् । उनले पुनरावेदन अदालत पाटनमा जिल्ला अदालतको आदेशलाई चुनौती दिँदै मुद्दा दायर गरेका छन् । हाल यो मुद्दा अदालतमा विचाराधीन छ । |
| ३० | सुभद्रा चौलागाईं | काभ्रे | २०६० फागुन १ गते बिहानको करिब ३:४५ बजे कसैले हतारिँदै ढोकामा ढकढक गरेको आवाजले बिहान सुभद्रा चौलागाईं र उनको परिवार ब्यूँझिए । सुभद्राकी आमाले ढोका खोल्ने वित्तिकै ४ जना हातहतियार सहित आएका सेना दौँडदै घरभित्र प्रवेश गरे । तिनीहरूमध्ये एकले सुभद्राका बुबा केदार चौलागाईंलाई मुक्काले प्रहार गरी भूँईमा पल्टन आदेश दियो । अरू दुई जनाले सुभद्रालाई कपालमा तानेर भूईमा पछारे । परिवारका अनुसार सुभद्राले आफू माओवादी होइन भनी प्रतिकार गरेकी थिइन् । तर ती सेनाका | २०६३ जुन २३ | भएको | टालटुले अनुसन्धान भएको । २०६४ असोजमा सुभद्राका पिताद्वारा छिटोछरितो अनुसन्धान गराइपाउँ भनी सर्वोच्च अदालतमा परमादेश निवेदन दायर । | २०६६ मंसिर २९ गते सर्वोच्च अदालतले जिल्ला प्रहरी कार्यालय काभ्रे तथा जिल्ला सरकारी वकिल कार्यालय काभ्रेलाई छिटोछरितो अनुसन्धान टुङ्गोमा पुऱ्याउन न्यायादेश सहितको परमादेश जारी गऱ्यो । अनुसन्धानमा लापरवाही देखाएको भन्दै अदालतले प्रहरी प्रधान कार्यालय, मध्यमाञ्चल प्रहरी कार्यालय, वाग्मती अञ्चल प्रहरी कार्यालयप्रति रोष प्रकट गऱ्यो र महान्यायाधिवक्ताको कार्यालयलाई समेत जिल्ला सरकारी वकिल कार्यालय काभ्रेलाई जिल्ला प्रहरी कार्यालय काभ्रेसँग |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | जवानहरूले उनको प्रतिकारको कुनै वास्ता नगरी उनलाई घिसार्दै घरबाहिर लगेका थिए । उनलाई घिसार्दै छेवैमा रहेको उनको काकाको घरमा लगियो र त्यसपछि फेरि बाहिर बाटोमा निकालियो, जहाँ उनलाई नहल्ली उभिन आदेश दिइयो । परिवारका अनुसार उनीमाथि सैन्य पोशाकमै रहेको एक सेनाको जवानले गोली प्रहार गर्‍यो, तर त्यसले उनलाई लागेन । त्यसपछि उसले अर्को सैन्य जवानको पेस्तोल थुत्यो र सुभद्रामाथि प्रहार गर्‍यो । अरू ४-५ जनाले पनि सुभद्रामाथि गोली चलाए जसबाट उनको मृत्यु भयो । | | | | समन्वयकारी भूमिका खेल्नलाई निर्देश दिनका लागि आदेश जारी गर्‍यो । यसैबीच भगोडा सैनिक काजी कार्की जिल्ला अदालत काभ्रेको आदेशमा हाल जिल्ला प्रहरी कार्यालय काभ्रेको थुनामा कैद छन् । उनले पुनरावेदन अदालत पाटनमा जिल्ला अदालतको आदेशलाई चुनौती दिँदै मुद्दा दायर गरेका छन् । हाल यो मुद्दा अदालतमा विचाराधीन छ । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१ | मैना सुनुवार | काभ्रे | २०६० फागुन ७ गते करिब ६ बजे बिहान सैन्य पोशाक लगाई १५ जनाको सेनाको जत्था मैना सुनुवारको घर आइपुग्यो । ती सुरक्षाकर्मीले मैनाको आमा देवी सुनुवारलाई खोजिरहेको बताए, तर देवी सुनुवार घरमा नभएकोले उनको सट्टामा मैनालाई लिएर गए । मैनाका बुबा पूर्णबहादुर लाई ती सुरक्षाकर्मीहरूले मैना फिर्ता चाहन्छौ भने मैनाकी आमा देवीलाई लामीडाँडा ब्यारेक, काभ्रेमा लिएर आउनु भनेका थिए । भोलिपल्ट मैना पढ्ने विद्यालयका प्रधानाध्यापक, अन्य एक शिक्षक र मैनाका बुबा पूर्णबहादुर लगायत करिब २५ जनाजतिको समूह लामीडाँडा ब्यारेक गए । उनीहरूले जब मैनाको बारेमा सोधपुछ गर्दै मैनालाई रिहा गर्न माग राखे, ब्यारेकका सुरक्षाकर्मीले मैनालाई पक्राउ गरेको कुरा अस्वीकार गरे । त्यसपछि उनीहरू पाँचखाल | २०६२ कार्तिक २७ | भएको (सर्वोच्च अदालत को आदेश पछि) | २०६५ चैतदेखि २०६६ साउनको बीचमा अदालतले प्रतिवादीहरुलाई अदालतमा हाजिर हुने आदेश दिँदै उनीहरुको वतनमा चिठी पठायो ।<br><br>२०६६ भदौ २८ गते जिल्ला अदालत काभ्रेले नेपाली सेनाको जङ्गी अड्डालाई पत्र पठाउँदै आदेश दियो, "निरञ्जन बस्नेतलाई तत्काल निलम्बन गर्नू र सैन्य अदालतले लिएका चारै अभियुक्तको बयान जिल्ला अदालतमा पेश गर्नू ।" | जङ्गी अड्डाले अदालतलाई फैसलाको प्रति र चारै अभियुक्तको बयान उपलब्ध गरायो तर अन्य ३४ वटा कागजात भने उपलब्ध गराएन ।<br><br>२०६६ मंसिर २ गते जिल्ला अदालत काभ्रेले ७ जना साक्षीको परीक्षण गऱ्यो । सबैले आफ्नो साक्षी बकपत्रलाई स्वीकार गरे ।<br><br>एक अभियुक्त निरञ्जन बस्नेतलाई चाडस्थित शान्तिसेना मिसनबाट संरासंले फिर्ता बोलायो । २०६६ मंसरि २८ गते प्रधानमन्त्रीले निरञ्जन बस्नेतलाई अदालतसमक्ष पेश गर्नू भनी सेनालाई आदेश दिएपनि सेनाले सोलाई बेवास्ता गऱ्यो । विमानस्थलबाट ओर्लनेबित्तिकै सैन्य प्रहरीले उनलाई जङ्गी अड्डा पुऱ्याए । जिल्ला अदालत काभ्रेले विभिन्न |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | आर्मी ब्यारेक गए, तर त्यहाँ पनि सुरक्षाकर्मीले मैनालाई पक्राउका सम्बन्धमा आफूहरूको कुनै संलग्नता नरहेको जानकारी दिए । २०६१ वैशाख मा मैनाकी आमा काठमाडौंस्थित नेपाली सेनाको जङ्गी अड्डा गइन् । त्यहाँ उनलाई मैना मारिइसकेकी र निजको कपडा लगायत अन्य सामानहरू प्रहरी कहाँ पठाइ सकिएको जानकारी दिइयो । | | | | मितिमा पत्रहरु पठाउँदै अभियुक्तहरुको वतन खुलाउन, उनीहरुको सम्पत्ति रोक्का गर्न, उनीहरुको बयानको प्रतिलिपि पेश गर्नलगायतका विभिन्न आदेश दियो । |
| ३२ | अर्जुन बहादुर लामा | काभ्रे | अप्रिल १९, २००५ मा अर्जुन बहादुर लामा छत्रेबाँझ गाविसस्थित श्रीकृष्ण माध्यमिक विद्यालयको अध्यक्ष पदमा निर्वाचित भई सोही विद्यालयको प्राङ्गणमा विजयोत्सव मनाउँदै थिए । माओवादी कार्यकर्ताहरू यादव पौडयाल "रक्की", भोला अर्याल, कर्णखर गौतम "श्याम" आक्रोशित हुँदै लामाको अभिनन्दन समारोहमा आए र लामालाई तपाईंसँग केही काम छ भनी अपहरण गरी लगी गए । त्यसपछिका घटनाक्रमहरू देख्ने | २०६५ साउन २७ | भएको | विभिन्न प्रहरी कार्यालयबीच पत्राचार भएका छन् । यसबीच अग्नि सापकोटा संविधानसभा सदस्यमा चुनिएका छन् । लामालाई गाडिएको भनी अनुमान गरिएको क्षेत्र पत्ता लगाउनका लागि प्रहरीले राष्ट्रिय मानवअधिकार आयोगलाई पत्र लेख्न सहमति जनायो । २०६६ वैशाखमा प्रहरीले केही साक्षीको बयान लियो । | विभिन्न प्रहरी कार्यालयबीच पत्राचारबाहेक ठोस अनुसन्धान केही भएको छैन । २०६६ माघ ८ गते जिल्ला प्रहरी कार्यालय काभ्रेले इलाका प्रहरी कार्यालय फोक्सिङटारलाई पत्र पठाई मुद्दामा आवश्यक भएसम्म अनुसन्धान गर्ने र लामालाई गाडिएको भनी अनुमान गरिएको क्षेत्रलाई सुरक्षा दिने आदेश दियो । २०६७ वैशाख १५ गते जाहेरवाली पूर्णिमाया लामाले विपक्षीहरुको वतन खुलाउँदै जिल्ला प्रहरी कार्यालय काभ्रेमा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रत्यक्षदर्शीका अनुसार, माओवादीहरूले लामालाई काभ्रे जिल्लाको विभिन्न गाउँ घुमाएका थिए । माओवादीले पछि उनीहरू घर्तीछापमा हुँदा नेपाली सेनाले हवाई आक्रमण गरेको, र सोही हवाई आक्रमणमा अर्जुन बहादुर लामा मारिएको बताए । राष्ट्रिय मानवअधिकार आयोगले घटनास्थल जाँच गर्‍यो र अर्जुनबहादुर लामाको मृत्यु सेनाको आक्रमणमा नभई माओवादीले निजलाई बन्दी बनाई मारेको ठहर गर्‍यो । | | | | बयान दिइन् । २०६७ असार ३१ गते जिल्ला प्रहरी कार्यालय काभ्रेले राष्ट्रिय मानवअधिकार आयोगलाई पत्र पठाई अनुसन्धानमा भएका प्रगतिका बारेमा जानकारी गरायो । |
| ३३ र ३४ | चोतनाथ घिमिरे र शेखरनाथ घिमिरे | लमजुङ | २०५७ र २०५९ सालका बीचमा चोतनाथ घिमिरेलाई माओवादी समर्थक भएको आशङ्कामा सुरक्षाकर्मीद्वारा धेरैपल्ट पक्राउ गर्ने र छाड्ने काम भयो । पछि उनलाई दैनिक रूपमा क्याम्पमा हाजिर गर्न भनियो । २०५८ माघ २५ को बिहान युनिफाईड कमाण्ड बेस क्याम्पका सैन्य अधिकारीहरूले चोतनाथका आफन्त शेखरनाथ घिमिरेलाई | २०६३ मंसिर ३ | भएको | अनुसन्धान नै नभएको । २०६६ असार ४ गते दुवै पीडितका परिवारले छिटोछरितो अनुसन्धान गराइपाउँ भनी पुनरावेदन अदालत, पोखरामा छुट्टाछुट्टै परमादेश निवेदन दायर । | २०६६ कार्तिक ११ गते प्रहरीले अनुसन्धान जारी राखेको भन्ने आधारमा पुनरावेदन अदालतले परमादेश मुद्दा खारेज गर्‍यो । यो निर्णयलाई चुनौती दिँदै पीडितले सर्वोच्च अदालतमा मुद्दा दायर गरे । यो मुद्दा हाल अदालतमा विचाराधीन छ र सुनुवाइ २०६७ पौष ८ गते हुनेछ । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | आर्मी क्याम्प भोर्लेटारमा भेट्न आउनु भनी बोलाएका थिए । शेखरनाथ क्याम्प गए, तर उनी क्याम्प गएपछि परिवारजनले उनलाई फेरि भेट्न पाएनन् । पछि निजको लाशको शवोत्खनन कार्य सम्पन्न गऱ्यो । चोतनाथको लाश शेखरनाथ घिमिरेको लाश फेला परेको ठाउँबाट करिब २० मीटर पर फेला परेको थियो । | | | | |
| ३५ | प्रेम बहादुर सुस्लिङ मगर | मोरङ | प्रेम बहादुर सुस्लिङ्ग मगर सन् १९९८ देखि नेकपा (माओवादी) सँग आबद्ध थिए, र पार्टीको काम गर्न निज बारम्बार बाहिर जाने गर्थे । मोरङ जिल्ला, आइतबारे गाविसबाट खटिआएका सुरक्षाकर्मीले प्रेम बहादुरलाई २०५९ असार १५ मा पक्राउ गरी हिरासतमा राख्यो र भोलिपल्ट हत्या गऱ्यो । | २०६४ असार २२ | नभएको | प्रहरीले दर्ता गर्न नमानेपछि प्रमुख जिल्ला अधिकारीकहाँ गएको । जिल्ला प्रशासन कार्यालयका कर्मचारीका अनुसार जाहेरीको प्रति गायब छ । | पीडित परिवारले पुनरावेदन अदालत विराटनगरमा मुद्दा दायर गर्ने सोच बनाइरहेका छन् । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३६ | दाताराम तिम्सिना | मोरङ | २०६० असोज ११ गते नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरी, सुनसरीबाट विराटनगर विमानस्थलमा खटिएका संयुक्त सुरक्षाकर्मीहरू र मोरङ जिल्ला प्रहरी कार्यालयबाट खटिएका प्रहरीहरूले दाताराम तिम्सिनालाई पक्राउ गरे । २०६३ साउन २५ गते रेडक्रसको अन्तर्राष्ट्रिय समितिले नेपाली सेनाको मानवअधिकार एकाईले यस समितिलाई " मोरङ जिल्लाको केराबारी गाविस वडा नं. ५ आसपासमा भएको सुरक्षा कारवाहीमा दाताराम मारिएको" भनी जानकारी दिएको भनी दातारामको परिवारलाई पत्र पठायो । | २०६४ जेठ २४ | नभएको | प्रहरी तथा प्रमुख जिल्ला अधिकारीले दर्ता गर्न नमानेपछि पीडित परिवारद्वारा २०६४ साउन २२ गते पुनरावेदन अदालत विराटनगरमा मुद्दा दायर । अदालतद्वारा यस्ता प्रकृतिका मुद्दा सत्य निरुपण तथा मेलमिलाप आयोगले गर्ने भन्ने प्रहरीको तर्कलाई आधार मान्दै मुद्दा खारेज । पीडित परिवारले लगत्तै सर्वोच्च अदालतमा मुद्दा दायर गर्‍यो । | २०६७ असार १० गते सर्वोच्च अदालतले जिल्ला प्रहरी कार्यालय मोरङलाई जाहेरी दर्ता गरी यथाशीघ्र अनुसन्धान गर्नका लागि परमादेश जारी गर्‍यो । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३७ देखि ३९ | विश्वनाथ पराजुली, टोमनाथ पौडेल र धन बहादुर तामाङ | मोरङ | २०६१ असोज ११ गते सुरक्षाकर्मीले टोमनाथ र उनका साथीहरूलाई माओवादी भएको आरोप लगाइ पक्राउ गरे र एउटा विद्यालयको प्राङ्गणमा लगियो । अन्य पक्राउ परेकाहरूले करिब ४:४५ बजे बिहान बन्दुक पड्केको आवाज सुनेको बताए । त्यतिखेरसम्म उनीहरुलाई हत्या गरिएको रहेछ । | २०६१ कार्तिक १६ | १ जनाको भएको, २ जनाको नभएको | विश्वनाथ पराजुली र टोमनाथ पौडेलको जाहेरी दर्ता भएन भने धन बहादुर तामाङको चाहिँ भयो ।<br><br>२०६६ असार ४ गते धन बहादुर तामाङको परिवारले छिटोछरितो अनुसन्धान गराइपाउँ भनी पुनरावेदन अदालत विराटनगरमा परमादेश निवेदन दायर । | विश्वनाथ पराजुली तथा टोमनाथ पौडेलका परिवारले जिल्ला प्रहरी कार्यालय मोरङमा जाहेरी दर्ता गराउन पुनरावेदन अदालत विराटनगरमा परमादेश निवेदन दिने सोच बनाएका छन् ।<br><br>धन बहादुर तामाङको मुद्दामा पुनरावेदन अदालत विराटनगरले २०६६ कार्तिक ९ गते जिल्ला प्रहरी कार्यालय मोरङलाई जाहेरी दर्ता गरी यथाशीघ्र अनुसन्धान गर्नका लागि परमादेश जारी गऱ्यो र आफ्नो कर्तव्यप्रति सचेत रहनसमेत भन्यो । यस आदेशका बाबजुद प्रहरीले कुनै कारवाही अगाडि बढाएको पाइएन । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४० देखि ४३ | जग प्रसाद राई, धनञ्जय गिरी, माधुराम गौतम र रत्न बहादुर कार्की | मोरङ | २०६१ पुष ३ गते आफूहरू माओवादी हौं भन्ने विश्वास दिलाएर सुरक्षाकर्मीहरुलेयी तीनैजना पीडितलाई छुट्टाछुट्टै पक्राउ गरे अनि गोली हानी हत्या गरे । | २०६४ जेठ २२ | १ जनाको भएको (सर्वोच्च अदालतको आदेश पछि), २ जनाको नभएको | सबै पीडित परिवारले जाहेरी दर्ता गराइपाउँ भनी पुनरावेदन अदालत विराटनगरमा परमादेश निवेदन दायर गरे । अदालतले माधुरामको हकमा फैसला सुनायो तर अन्यको हकमा भने यस्ता प्रकृतिका मुद्दा सत्य निरुपण तथा मेलमिलाप आयोगले गर्ने भन्ने प्रहरीको तर्कलाई आधार मान्दै खारेज गर्‍यो ।<br><br>२०६६ जेठमा माधुरामका परिवारले अदालतमा छिटोछरितो अनुसन्धान गराइपाउँ भनी अर्को परमादेश निवेदन दायर गरे ।<br><br>धनञ्जय गिरीका परिवारले पुनरावेदन अदालत विराटनगरको फैसलालाई चुनौती दिँदै सर्वोच्च अदालतमा मुद्दा दायर गरे । | माधुराम गौतमको मुद्दामा पुनरावेदन अदालत विराटनगरले २०६६ कार्तिक २३ गते जिल्ला प्रहरी कार्यालय मोरङलाई जाहेरी दर्ता गरी यथाशीघ्र अनुसन्धान गर्नका लागि परमादेश जारी गर्‍यो र आफ्नो कर्तव्यप्रति सचेत रहनसमेत भन्यो । यस आदेशका बाबजुद प्रहरीले कुनै कारवाही अगाडि बढाएको पाइएन ।<br><br>धनञ्जय गिरीको मुद्दामा सर्वोच्च अदालतले जिल्ला प्रहरी कार्यालय मोरङलाई जाहेरी दर्ता गरी यथाशीघ्र अनुसन्धान गर्नका लागि परमादेश जारी गर्‍यो । तर हालसम्म पनि सर्वोच्च अदालतको फैसलाको प्रति प्राप्त नभएको भनी जिल्ला प्रहरी कार्यालय मोरङले जाहेरी दर्ता गरेको छैन । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | जगप्रसाद राई तथा रत्नबहादुर कार्कीका परिवारले जिल्ला प्रहरी कार्यालय मोरङमा जाहेरी दर्ता गराउन पुनरावेदन अदालत विराटनगरमा परमादेश निवेदन दिने सोच बनाएका छन् । |
| ४४ | चन्द्र बहादुर बस्नेत (मनोज बस्नेत) | मोरङ | २०६२ भदौ ६ गते घरबाट विराटनगरतिर जाँदा सशस्त्र प्रहरीको एक टोलीले मनोजलाई अन्यसहित पक्राउ गऱ्यो । भोलिपल्ट बिहान मोरङ जिल्ला प्रहरी कार्यालयबाट फोनमार्फत "सुरक्षा घेरा तोडी भाग्ने क्रममा" सुरक्षाकर्मीहरूद्वारा मनोजको हत्या गरियो भन्ने जानकारी मनोजका छिमेकीहरूले पाए । | २०६२ भदौ १४ | भएको | छिटोछरितो अनुसन्धान गराइपाउँ भनी पीडितका पिताले सर्वोच्च अदालतमा दायर गरेको परमादेश निवेदन प्रहरीको प्रलोभनमा आई फिर्ता लिए । एड्भोकेसी फोरमले सार्वजनिक हितका लागि मुद्दा फिर्ता बदर गराइपाउँ भनी सर्वोच्च अदालतमा दायर गरेको निवेदन अदालतद्वारा २०६६ वैशाख २१मा खारेज गऱ्यो । | सर्वोच्च अदालतले मुद्दा खारेज गरेपछि केही प्रगति भएको छैन । पीडित परिवार मुद्दा अगाडि बढाउन उत्सुक छैन । परिवारलाई भेटेपछि ओएचसिएचआरले फाइल बन्द गऱ्यो । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४५ र ४६ | पूर्ण श्रेष्ठ र विदुर भट्टराई | मोरङ | २०६२ असोज २९ गते बिहानै नेपाली सेनाले बेलबारी गाविस लिम्बू चोकमा दुर्गाराज राईको हत्या गरे । सैन्य अधिकारीहरूले दुर्गाराजको मोबाइल बरामद गरे, र सो मोबाइलमा पूर्ण श्रेष्ठ र विदुर भट्टराईको मोबाइल नम्बर भेटाए । प्रत्यक्षदर्शीका अनुसार सेनाले दुर्गाराज बनेर सो मोबाइलबाट पूर्ण श्रेष्ठ र विदुर भट्टराईलाई फोन गरी तुरुन्त बेलबारी आउनू भनी बोलाए । मोहन खनालका साथमा पूर्ण श्रेष्ठ र विदुर भट्टराई बेलबारी तर्फ हिँडे । बेलबारी आइपुगेपछि ती तीनै जनालाई सुरक्षाफौजले पक्राउ गरे । सेनाले उनीहरूलाई यातना दिए र सोही दिन बिहान ९:३० बजे उनीहरुलाई गोली हानी हत्या गरे । | २०६६ जेठ २२ | १ जनाको भएको (अदालत को आदेश पछि), १ जनाको नभएको | पूर्ण श्रेष्ठको मुद्दामा पुनरावेदन अदालतको आदेशपछि प्रहरीले जाहेरी दर्ता गर्‍यो । खासै अनुसन्धान नभएपछि २०६६ असार ४ गते छिटोछरितो अनुसन्धान गराइपाउँ भनी पीडित परिवारले पुनरावेदन अदालतमा परमादेश निवेदन दायर गरे ।<br><br>विदुर भट्टराईको परिवारले पुनरावेदन अदालत विराटनगर को फैसलालाई चुनौती दिँदै सर्वोच्च अदालतमा मुद्दा दायर गरे । | पूर्ण श्रेष्ठको मुद्दामा पुनरावेदन अदालत विराटनगरले २०६६ कार्तिक २३ गते जिल्ला प्रहरी कार्यालय मोरङलाई जाहेरी दर्ता गरी यथाशीघ्र अनुसन्धान गर्नका लागि परमादेश जारी गर्‍यो र आफ्नो कर्तव्यप्रति सचेत रहनसमेत भन्यो । यस आदेशका बाबजुद प्रहरीले कुनै कारवाही अगाडि बढाएको पाइएन ।<br><br>विदुर भट्टराईको मुद्दामा सर्वोच्च अदालतमा २०६७ कार्तिक ११ गते सुनुवाइ भयो । अदालतले जिल्ला प्रहरी कार्यालय मोरङ र जिल्ला सरकारी वकिल कार्यालय मोरङलाई अदालतमा उपस्थित भई जाहेरी किन दर्ता नगरेको भनी बयान दिन लगायो । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४७ | सपना गुरुङ | मोरङ | अप्रिल २५, २००६ मा बेलुकाको करिब ८:३० बजे तिर प्रल्हाद थापा मगरको कमाण्डमा रहेका सुरक्षाकर्मीहरू सपना गुरुङको घर गए । ती सुरक्षाकर्मीहरू सपनाको घरभित्र घुसे र सपनालाई हातले मुख थुनेर घिसार्दै बाहिर निकाले र नजिकैको दुरसञ्चार कार्यालयमा लगी बलात्कार गरे । करिब ९:२५ बजेतिर गाउँलेहरूले बन्दुक पड्केको आवाज सुने र पछि सपनाको शव भेटियो । | २०६३ जेठ १ | भएको | घटनाका सम्बन्धमा संसदीय छानबिन समितिले छानबिन सम्पन्न गरी २०६४ पुष २८ गते संसदमा प्रतिवेदन पेश गऱ्यो । सरकारले पीडित परिवारलाई रु ३ लाख क्षतिपूर्ति दियो । | मुद्दामा केही प्रगति भएको छैन । |
| ४८ देखि ५३ | छत्र बहादुर परियार, फुर्वा शेर्पा, प्रभुनाथ भट्टराई, प्रसाद गुरुङ, टङ्कलाल चौधरी र सुनिता ऋषिदेव | मोरङ | २०६४ वैशाख १३ गते दिउँसो करिब २:३० बजेतिर क्याप्टेन प्रल्हाद थापा मगरको नेतृत्वमा रहेको संयुक्त कमाण्डका सुरक्षाकर्मीले प्रदर्शनकारीहरूमाथि अन्धाधुन्ध गोली चलाए । सपना गुरुङको परिवारलाई क्षतिपूर्ति माग राख्दै, तथा सपनाको बलात्कार र हत्याका जिम्मेवारहरूलाई कानूनी कारवाहीको माग राख्दै बेलबारी इलाका प्रहरी कार्यालय अगाडि गाउँलेहरूले स्वतःस्फूर्त रूपमा गरेको प्रदर्शनमा सो गोलीकाण्ड भएको थियो । | २०६३ जेठ २८ | भएको | घटनाका सम्बन्धमा संसदीय छानबिन समितिले छानबिन सम्पन्न गरी २०६४ पुष २८ गते संसदमा प्रतिवेदन पेश गऱ्यो । सरकारले पीडित परिवारलाई रु ३ लाख क्षतिपूर्ति दियो । | मुद्दामा केही प्रगति भएको छैन । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५४ | खगेन्द्र बुढाथोकी | म्याग्दी | २०५८ पुष २२ गते गस्ती गरिरहेका सैनिकहरूले तातोपानी जलकुनी पुलमा खगेन्द्र बुढाथोकीलाई पक्राउ गरे । खगेन्द्रलाई तिनले अल्काचौरको दारवाङ्ग डुखुस्थित अस्थायी शिविर मा लग्दै गरेको गाउँलेहरूले देखे । स्थानीय मानिसहरू र खगेन्द्रका परिवारले बताएअनुसार भोलिपल्ट बिहान ९ बजेतिर खगेन्द्रलाई सोही अस्थायी शिविरमा गोली हानी हत्या गरियो । | २०६३ चैत २९ | भएको | २०६६ असार ४ गते पीडित परिवारले पुनरावेदन अदालत बागलुङमा छिटोछरितो अनुसन्धान गराइपाउँ भनी परमादेश निवेदन दियो । प्रहरीको तर्क थियो, "सही तरिकाले जाहेरी नदिएकाले यसमा अनुसन्धान गर्न प्रहरी बाध्य छैन । साथै द्वन्द्वकालका घटनामा सुनुवाइ गर्ने अधिकार नागरिक अदालतलाई छैन ।" | २०६६ कार्तिक २५ गते पुनरावेदन अदालत बागलुङले जिल्ला प्रहरी कार्यालय बागलुङ्गलाई छिटोछरितो अनुसन्धान थाल्न परमादेश जारी गऱ्यो । यस आदेशका बाबजुद प्रहरीले कुनै कारवाही अगाडि बढाएको पाइएन । |
| ५५ | चन्द्रबहादुर विक | म्याग्दी | २०५९ पुष २४ गते बिहान कालीप्रसाद बटालियनबाट हातहतियार सहित आएका सेनाको एक समूहले माओवादी भएको शङ्काको आधारमा चन्द्र बहादुर विकलाई निजकै घरबाट पक्राउ गरे । ३ दिनपछि रेडियो नेपालले चन्द्र बहादुर माओवादी भएको र बाग्लुङ जिल्लाको बारञ्जा गाविस वडा नं. ६ स्थित पाइरोखोरिया भन्ने ठाउँमा भएको भिडन्तमा सुरक्षाफौजद्वारा निज मारिएको समाचार प्रसारित गऱ्यो । | २०६३ चैत २९ | भएको | २०६६ असार ४ गते पीडित परिवारले पुनरावेदन अदालत बागलुङमा छिटोछरितो अनुसन्धान गराइपाउँ भनी परमादेश निवेदन दियो । प्रहरीको तर्क थियो, "सही तरिकाले जाहेरी नदिएकाले यसमा अनुसन्धान गर्न प्रहरी बाध्य छैन । साथै द्वन्द्वकालका घटनामा सुनुवाइ गर्ने अधिकार नागरिक अदालतलाई छैन ।" | २०६६ कार्तिक २५ गते पुनरावेदन अदालत बागलुङ्गले जिल्ला प्रहरी कार्यालय बागलुङ्गलाई छिटोछरितो अनुसन्धान थाल्न परमादेश जारी गऱ्यो । यस आदेशका बाबजुद प्रहरीले कुनै कारवाही अगाडि बढाएको पाइएन । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५६ देखि ५८ | दल बहादुर दर्लामी, नारायण प्रसाद कनौजे र टेक बहादुर गाहा | पाल्पा | २०६१ चैत ९ गते बेलुका ८:३० बजेतिर पाल्पाको आर्यभञ्ज्याङ्ग तर्फबाट आउँदै गरेको सेनाको तीनओटा गाडी चिडिपानी गाविस वडा नं. १ मा पर्ने धैरेनी भन्ने ठाउँमा रोकिए । भोलिपल्ट होली उत्सव मनाउन भनी सो बाटोमा केही विद्यार्थीहरूले गाडी रोक्दै चन्दा उठाइरहेका थिए । प्रत्यक्षदर्शीका अनुसार २५-३० जना सैन्यहरू गाडीबाट ओर्लिए र कुनै सोधपुछ नै नगरी तिनीहरूले अन्धाधुन्ध गोली चलाए । यी तीनै पीडितको घटनास्थलमै मृत्यु भयो । | २०६३ पुष १६ | भएको | २०६६ असारमा पीडित परिवारले पुनरावेदन अदालत बुटवलमा छिटोछरितो अनुसन्धान गराइपाउँ भनी परमादेश निवेदन दियो | २०६६ असोज २१ गते पुनरावेदन अदालत बुटवलले जिल्ला प्रहरी कार्यालय पाल्पालाई ३ महिनाभित्र अनुसन्धान थाल्न परमादेश जारी गऱ्यो । ३ महिना बितेपनि कुनै अनुसन्धान भएको पाइएन । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५९ | मन बहादुर कार्की | सुर्खेत | प्रत्यक्षदर्शीका अनुसार २०६३ जेठ २७ गते बिहानको ५ बजेतिर दुई माओवादी दिलिप र लोकेशले मन बहादुरलाई उनकै घरबाट अपहरण गरे । भोलि पल्ट बिहान मन बहादुरको लाश सोही लेखगाउँ गाविस वडा नं. ४ धनीगन्ध निवासी रतन बहादुर गौतमको घरबाहिर झुण्डिएको अवस्थामा पाइयो । माओवादीले उनलाई मारेका रहेछन् । | २०६३ भदौ | नभएको | | पीडित परिवारले मुद्दा अगाडि बढाउन चाहेन । पीडकहरु हाल माओवादी पार्टीको स्थानीय तहमा वरिष्ठ नेता छन् । |
| ६० र ६१ | गङ्गा बहादुर नेपाली र श्याम बहादुर कैनी | तनहुँ | २०५९ वैशाख १६ गते नेकपा (एमाले) का गाउँस्तरका र ाजनीतिक कार्यकर्ता गंगा बहादुर नेपालीलाई उनकै निवासमा पक्राउ गरी आर्मी ब्यारेक लगियो । सोही दिन करिब १० बजे राति सैन्य अधिकारीहरूले भरतलाई उनकै घरबाट अपहरण गरे । दुवै परिवारका सदस्यहरूले जानकारी दिएअनुसार भोलिपल्ट बिहान गंगा र भरतलाई सुरक्षाकर्मीहरूले हत्या गरे । | २०६३ चैत २३ | भएको | २०६६ असार ४ गते पीडित परिवारले पुनरावेदन अदालत पोखरामा छिटोछरितो अनुसन्धान गराइपाउँ भनी परमादेश निवेदन दियो । | २०६६ पौष ८ गते प्रहरीले अनुसन्धान जारी राखेको भन्ने आधारमा पुनरावेदन अदालत पोखराले परमादेश मुद्दा खारेज गऱ्यो । यो निर्णयलाई चुनौती दिँदै पीडितले सर्वोच्च अदालतमा २०६६ चैत १५ गते मुद्दा दायर गरे । यो मुद्दा हाल अदालतमा विचाराधीन छ र सुनुवाइ २०६७ मंसिर ९ गते हुनेछ । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६२ | धन कुमारी तुम्बाहाम्फे | उदयपुर | २०६२ वैशाख ११ गते धनकुमारी उदयपुर जिल्लाको मैनामैनी गाउँमा बसेका बेला सेनाले गाउँ घेरेको सुनी गाउँबाट भाग्ने प्रयास गरिन् । उनी भाग्न सकिनन्, र उनलाई करिब ५ बजेतिर सोमबारे चोकबाट पक्राउ गरियो । ती सैन्यहरूले उनको झोलाबाट नेकपा (माओवादी) को कागजात पनि बरामद गरे । एक प्रत्यक्षदर्शीका अनुसार भोलिपल्ट बिहान करिब १ बजेतिर सेनाले उनलाई घरबाट बाहिर निकाली डाँडातिर लगे र बलात्कार गरी हत्या गरे । | २०६६ भदौ ११ | भएको (अदालत को आदेश पछि) | प्रहरीले धेरै ढिलो गरी जाहेरी दर्ता गऱ्यो । | २०६६ भदौ २ गते पुनरावेदन अदालत राजविराजले जिल्ला प्रहरी कार्यालय उदयपुरलाई जाहेरी दर्ता गरी छिटोछरितो अनुसन्धान थाल्न परमादेश जारी गऱ्यो । २०६६ भदौ ११ गते प्रहरीले अदालतको आदेशबमोजिम जाहेरी दर्ता गऱ्यो । सातजना साक्षीको बयान लिनेबाहेक अनुसन्धानमा खासै प्रगति भएको पाइएन । |